

आश्विन २०८२

# गोरक्ष निखिल वाणी

आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक



परमहंस स्वामी
श्री निखिलेश्वरानन्द महाराज



श्री श्री महायोगी
गुरु गोरखनाथ

पूजनीय गुरुमाताको
महाप्रयाण दिवस



## विजया दशमी विशेष

www.gnv.org.np
Mobile App and Facebook page :
siddhashram shakti kendra


॥ ॐ नमो गुरु मछिन्द्र शब्द साँचा पिण्ड काचा मेरा भक्ति गुरुका शक्ति नवनाथै जगाऊँ चौरासीनाथै जगाऊँ फुरो मंत्र ईश्वरो गुरु गोरख वाचा ॥



कास्कीको पचभैया गोरक्षपीठमा सम्पन्न अखण्ड हवन तथा चितवनमा आयोजित साधना तथा अन्तर्क्रिया कार्यक्रम



चितवनमा आयोजित साधना तथा अन्तर्क्रिया कार्यक्रम




॥ॐ ह्रीं क्र्यां क्षं गुरु गोरखनाथाय नमः॥

॥ॐ परम तत्वाय निखिलेश्वराय गुरुभ्यो नमः॥

# गोरक्ष निखिल वाणी

आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक

वर्ष २६ अङ्क २, आश्विन २०८२, पूर्णाङ्क ३०९





## यसभित्र


| | |
|---|---|
| आफ्नै कुरा | २ |
| स्तोत्र/भवान्यष्टकम् | ४ |
| विजया दशमी नेपाली समाजको महान् | ५ |
| श्री जगदम्बा स्तुति | ९ |
| देवी, दुर्गा- महिषासुरको संग्राम... | १० |
| पूजा कर्म/दुर्गा पूजन | १४ |
| दुर्गा आरती | १६ |
| वन्दनीय माताजीप्रति श्रद्धासुमन | १८ |
| फ्लाट अनि घरको वास्तु | २० |
| तन्त्रको महिमा गरिमा | २२ |
| भक्त गोवर्धन | ३० |
| राशिफल | ३६ |
| गोरख वाणी | ३९ |
| श्री सावर संरचना शक्ति केन्द्रबाट... | ४० |
| सिद्धाश्रम शक्ति केन्द्रका गतिविधि | ४२ |
| गोरखवाणी | ४४ |
| शुभकार्यको शुभारम्भ शुभमुहूर्तमा | ४५ |
| सिद्धाश्रम शक्ति केन्द्रका गतिविधि | ४७ |


## जानकारी

*सिद्धाश्रम शक्ति केन्द्र नेपालको प्रचलित कानुनअनुसार विधिवत्रूपमा दर्ता भएको एक अनुसन्धानमूलक आध्यात्मिक संस्था हो र यसको केन्द्रीय कार्यालय हाल बसुन्धरा, काठमाडौँमा रहेको छ । परमपूज्य सद्गुरुदेवद्वय नेपालीहरूका गर्वका प्रतिमूर्ति महायोगी श्री शिव गोरक्ष एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको अनुकम्पा, कृपा एवं आशीर्वादको फलस्वरूप यस केन्द्रको जन्म भएको हो । आफ्नो छुट्टै पहिचान, स्वतन्त्र अस्तित्व एवं आफ्नै किसिमको स्वाभिमान बोकेको यो संस्था देश विदेशमा रहेका अन्य कुनै संघ, संस्था वा आश्रमको शाखा, उपशाखा वा सम्पर्क कार्यालय नभएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइएको छ । यो केन्द्र महान् गुरुहरूको स्पष्ट सूक्ष्म मार्गनिर्देशनमा आध्यात्मिक युग पुनर्निर्माणको लक्ष्यमा गतिशील छ । यहाँ संचालन भइरहेका सम्पूर्ण कार्यक्रम तथा गतिविधिहरू यसै केन्द्रमार्फत् सोझै निर्देशित छन् । यहाँबाट उपलब्ध हुने सम्पूर्ण सामग्रीहरूको प्राणप्रतिष्ठा विशेषरूपमा यही आश्रमबाट गरिएको हुन्छ । त्यसैले एक स्वतन्त्र र आफैमा सक्षम यस संस्थालाई अन्य कुनै संघ, संस्था वा आश्रमसँग तुलना गर्न खोज्नु, त्यस्तै प्रकारका कुराहरू यहाँबाट लागू गराउन, प्राप्त गर्न खोज्नु यस संस्थाको अवहेलना गरे सरह हुनेछ, जे जति कार्यक्रमहरू यहाँ संचालन भइरहेका छन् र आगामी दिनहरूमा पनि संचालन हुँदै जानेछन्, ती सबै परमपूज्य सद्गुरुदेवहरूकै इच्छा एवं निर्देशनअनुसार सम्पन्न हुनेछन् । त्यसैले अनावश्यक तर्क-वितर्क, शङ्का-उपशङ्का गरी, भ्रम फैलाउँदै यस संस्थाको छविमाथि अनावश्यक टीका-टिप्पणी गर्नु सत्यता र वास्तविकतामाथि नै प्रश्नचिह्न लगाउनु हो । प्रत्येक व्यक्तिका लागि आवश्यक पर्ने सम्पूर्ण प्रकारका मार्गनिर्देशन प्रदान गरी भौतिक समस्याहरूको समाधान गर्दै आध्यात्मिक उच्चता प्रदान गर्न, पूर्णतामा लैजान यो केन्द्र सक्षम छ । विश्वास अविश्वासभन्दा माथि, साधारण व्यक्तिको सीमित सोचाइ, विचार र कल्पनाभन्दा परको यस अद्वितीय आश्रममा आबद्ध भई आफ्नो जीवनलाई उत्कर्षमा पुऱ्याउन सक्नु नै हाम्रो अहोभाग्य हुनेछ । यस्ता प्रकारका अनावश्यक भ्रमबाट सतर्क हुँदै पूर्णरूपमा स्पष्ट भएर मात्र अघि बढ्न हुन सम्पूर्ण महानुभावहरूमा सिद्धाश्रम शक्ति केन्द्र हार्दिक अनुरोध गर्दछ । साथै केन्द्रको आफ्नै प्रकारको नीति, नियम र अनुशासन भएकोले यसलाई पालना गर्न नसक्ने व्यक्तिहरूका लागि यस केन्द्रमा कुनै स्थान रहने छैन र यससम्बन्धी कुनै किसिमको सुनुवाइ पनि नहुने व्यहोरा अवगत गराइएको छ ।*

*सिद्धाश्रम शक्ति केन्द्रबाट प्रकाशित 'गोरक्ष निखिल वाणी' नेपालकै पहिलो आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक पत्रिका हो । सद्गुरुदेवहरूको आशीर्वादस्वरूप यस पत्रिका २०५६ साल भाद्र महिनादेखि अनवरत रूपमा प्रकाशित भइरहेको छ । काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको यस पत्रिकाको दर्ता नं. ७०/०५६ हो । यो पत्रिका धर्मको नाममा हुने गरेको शोषण, आडम्बर एवं पाखण्डविरुद्ध आवाज उठाउँदै वास्तविक तथ्यलाई जनसमक्ष उजागर गरी आध्यात्मिक जागरणको वातावरण बनाउने कार्यमा सरिक हुँदै आएको छ । प्रकाशनको शुभारम्भदेखि नै अलग्गै पहिचान एवं अस्तित्व बनाउन सफल यस पत्रिकाले मंत्र, तंत्र, योग, आयुर्वेद, सम्मोहन, ध्यान, वेद, पुराण, उपनिषद् आदिजस्ता ऋषिमुनिहरूद्वारा प्रतिपादित तथ्यहरूको व्यवहारिक एवं वैज्ञानिक पक्षहरूलाई प्रस्तुत गर्दै आइरहेको छ । पत्रिका स्वदेश एवं विदेशमा समेत आफ्ना लाखौँ पाठक एवं प्रशंसकहरू माझ लोकप्रिय हुँदै गइरहेको छ । मोबाइल एपको माध्यमबाट पढ्न पाइने व्यवस्थाले विश्वभर छरिएका लाखौँ नेपालीहरूमाझ पनि प्रिय छ ।*

*पत्रिकामा प्रकाशित लेख, रचना, विज्ञापन, चित्रादिमा सम्पादक वा प्रकाशकको सहमति हुनु आवश्यक नरहेको पनि जानकारी गराइन्छ ।*


**पत्रिका व्यवस्थापन समितिद्वारा सम्पादित एवं**
***सिद्धाश्रम शक्ति केन्द्रद्वारा* प्रकाशित**

मूल्य रु. ४०/- वार्षिक रु. ४००/-

**पत्रिकाको कार्यालय**

**बसुन्धरा, काठमाडौँ, फोनः ०१-४९८९१५४,**

Web: ssknepal.org.np

Email: siddashramshaktikendra@gmail.com

Facebook Page, Youtube Channel, and Tiktok : Siddhashram Shakti Kendra

**प्रकाशकको ठेगाना**

सिद्धाश्रम शक्ति केन्द्र

बसुन्धरा, काठमाडौँ

फोन: ०१-४९८९१५४

www.gnv.org.np

**मुद्रण**

किशोर अफसेट प्रेस

गल्कोपाखा, काठमाडौँ

# आफ्नै कुरा



नेपालीहरूको महान् पर्व विजया दशमीको पावन अवसरमा सम्पूर्णमा सुख, शान्ति, समृद्धिका तथा भौतिक उन्नति प्रगतिका साथ आध्यात्मिक उन्नति प्रगति पनि हुँदै जाओस्, माता नवदुर्गाको कृपा, आशीर्वादले सम्पूर्णमा कृपा, आशीर्वाद प्राप्त होस् र देशमा पनि सुख, शान्ति, समृद्धिका रेखाहरू कोरियोस् भनेर सिद्धाश्रम शक्ति केन्द्र यहाँहरू सम्पूर्णमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ । प्रत्येक वर्ष विजया दशमी सबैलाई खुशी, उमङ्ग, जोश, जाँगर लिएर चाडपर्वहरू भित्रिने गर्दछन् । यस्ता दिव्य चाडपर्वहरूका आफ्नै गुढ रहस्यहरू बोकेको पनि पाइन्छ । नवरात्रि पर्व आफैमा महादुर्गा माताको कृपा, आशीर्वाद प्राप्त गर्नको  लागि अत्यन्तै दिव्य अवसरको रूपमा धेरै साधकहरू, धेरै उपासकहरू, धेरै भक्तहरू, धेरै तान्त्तिकहरू, धेरै मान्त्रिकहरूले यसलाई सदुपयोग गरेका पाइन्छन् । चाड पर्वको गूढ रहस्य नबुझ्दा हामीले भित्री आध्यात्मिक फाइदा लिनुको साटो, माताको कृपा, आशीर्वाद लिनुको साटो हामीले आफ्नै शरीरको सुख, सयल, मोजमस्तीतिर र भोग विलाशतिर लाग्दाखेरि पनि कयौँ गल्तीहरू गरिरहेका हुन्छौँ, माताको आशीर्वादभन्दा धेरै पर पुगिरहेका हुन्छौँ । त्यसैले पनि यहाँहरूले पनि कुनै बलि दिएर निहत्था खसी, बाखा, बोका, च्याग्रा, राँगाहरूलाई बली दिएर धर्म कमाइन्छ भन्ने सोचबाट माथि उठेर यो पर्व त शक्ति उपासनाको पर्व हो, साधनाको पर्व हो, ध्यानको पर्व हो, तपस्याको अवसर हो भन्ने बुझेर माता नवदुर्गालाई छिटो खुशी बनाउन सकिने दिव्यतम् पर्वको रूपमा लिएर यहाँहरूले पनि फाइदा लिनु हुनेछ भन्ने हामीले आशा र विश्वास लिएका छौँ ।

समयको परिवर्तनसँगै हामीले चाडपर्वलाई विकृतिको रूपमा पनि लिएका छौँ । होडबाजीको रूपमा पनि लिएका छौँ । तामसिक विचारहरू एक अर्कासँगको प्रतिस्पर्धाको रूपमा पनि चाडपर्वहरूमा विकृति भित्रिरहेको हामी पाउँदछौँ । संस्कार संस्कृतिको जगेर्ना गर्नको साटो हामी हाम्रो धर्म, संस्कृति, रीति रीवाज परम्पराभन्दा धेरै पर गइरहेको पाउँछौँ । त्यसैले पनि आशा गरौँ कि यस नवरात्रि पर्वबाट तपाईं हामी सबैले एउटा पाठ सिक्नेछौँ किनकि यो विजयको पर्व हो । नकारात्मक शक्तिहरू, दानवीय प्रवृत्तिहरूलाई विजय गरेर राम्रा शक्तिहरू स्थापित भएको दिव्य उत्सवको रूपमा हामीले विजया दशमीलाई राखेका हुन्छौँ । सत्य युगमा दानवहरूलाई माताले बध गरेर दानवीय शक्तिहरूबाट देवताहरूलाई छुटकारा दिनुभएको एउटा विजय उत्सवको रूपमा लिन्छौँ भने त्रेता युगमा पनि भगवान् रामले रावण बध गरेर आसुरी शक्तिहरूको माथिको विजय, असत्यमाथिको विजय, अमर्यादित प्रवृत्तिमाथि विजय गरेर मर्यादा, सत्यताको विजयको रूपमा हामीले मनाउँदै आइरहेका छौँ । त्यसैले यहाँहरू सम्पूर्णमा पर्वबाट धेरैभन्दा धेरै फाइदा लिनुहुन र तपस्या, माताको कृपा आशिर्वाद प्राप्त गर्नु हुन पनि हामी हार्दिक अनुरोध गर्दै यसपालिको अङ्क ‘विजया दशमी विशेष’को रूपमा यहाँहरूको हातमा ल्याउन सफल भएका छौँ । यसबाट यहाँहरूले अवश्य लाभ लिनुहुन्छ भन्ने आशा विश्वास पनि लिएका छौँ ।

अन्तमा, यस अंक प्रकाशन गर्ने क्रममा हामीबाट जान अन्जानमा भए गरेका समस्त गल्ती-कमी कमजोरी, त्रुटिहरूका लागि परमपूज्य सद्‌गुरुदेवहरू, माता नवदुर्गा र यहाँहरूसँग पनि क्षमा माग्दै आवश्यक सल्लाह सुझावको अपेक्षा राख्दछौँ । अस्तु ।






**परमपूज्य सद्गुरुदेव परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज** | **परमपूज्य सद्गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथ**

मानवजीवनमा गुरुको सर्वथा उच्च स्थान मानिन्छ । गुरु प्राप्तिबिना मानवजीवन व्यर्थ छ। सम्पूर्ण शास्त्रको सम्यक् ज्ञान भए पनि, धन सम्पत्ति र रुप लावण्यले भरिपूर्ण भए पनि, समस्त प्रकारका सिद्धि, शक्ति र ऐश्वर्यले भरिपूर्ण भए पनि यदि गुरु प्राप्त भएको छैन भने मानिस अपूर्ण नै हुन्छ किनकि गुरुले नै संसार सागरबाट तारेर हामीलाई मोक्षको भागीदार बनाउनुहुन्छ, हामीलाई असीम आनन्दबाट तृप्त गरेर पूर्ण गरिदिनुहुन्छ । यसप्रकार पूर्णता, मुक्ति अनि अनगिन्ती सिद्धि र शक्ति प्रदान गर्नुहुने सद्गुरुदेवद्वयलाई सिद्धाश्रम शक्ति केन्द्रले धारण गरिरहेको छ। गुरुहरूको महिमा, गरिमा र परिचय कसले पो दिन सक्छ र ? तैपनि सामान्य जानकारीसम्मका लागि महान् गुरुहरूको संक्षिप्त परिचय प्रस्तुत छ–

*वन्दे नारायणं देवं सद्गुरुं निखिलेश्वरं ।*
*ज्ञानामृतरसेनैव पूतं येनाखिलं जगत् ॥*

यस विश्व ब्रह्माण्डलाई भौतिक एवं आध्यात्मिक रूपले सन्तुलित राख्न प्रकृतिद्वारा निर्मित अद्वितीय तपस्थली नै सिद्धाश्रम हो। मानवजीवनको अन्तिम ध्येय यस सिद्धाश्रमका प्राणाधार परमपूज्य सद्गुरुदेव परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज हुनुहुन्छ । आफ्ना गुरु दादा गुरुदेव स्वामी सच्चिदानन्दज्यूको आदेश शिरोपर गरी 'धर्मसंस्थापनार्थाय...' को शंखघोष गर्दै उहाँ सन् १९३५ अप्रिल २१ तारिख भारतस्थित राजस्थान प्रान्तको जोधपुरमा अवतरित हुनुभयो। वेदाध्ययनबाट शिक्षा शुरु गर्नुभएका उहाँको विवाह बाह्र वर्षको उमेरमा भगवती देवीसँग भयो। आफ्नो जीवन परिवारको लागि मात्र नभएर सम्पूर्ण समाजको लागि हो भन्दै विवाहपश्चात् उहाँले थुप्रै वर्ष हिमालयका गुफा, विकट कन्दरा र जंगलहरूमा संन्यासजीवन बिताउनुभयो । त्यसबेला उहाँले विभिन्न स्वामी, संन्यासी, योगी, तान्त्रिक, मान्त्रिक, आयुर्वेदाचार्यहरूसँग भेटेर विभिन्न विधामा आफूलाई निष्णात् बनाउनुभएको थियो। संन्यासजीवनपश्चात् पुन: गृहस्थमा फर्केर आफूले प्राप्त गरेको आध्यात्मिक ज्ञानलाई समाजमा फैलाउने कार्य उहाँले गर्नुभयो। यसको लागि सयौं पुस्तकहरूको रचना गर्दै असङ्ख्य शिविर सञ्चालन गरी साधना, प्रवचन र दीक्षाको माध्यमबाट शिष्य निर्माण प्रक्रियालाई जोड दिनुभयो। यसरी ज्योतिष, सामुद्रिक शास्त्रका सुविज्ञ ज्ञाता, तन्त्र-मन्त्रका अन्तिम नाम, आधुनिक धन्वन्तरि, सम्मोहन विज्ञानका मसीहा, कुण्डलिनी शक्तिका सहज व्याख्याकार, सूर्य विज्ञानका अपूर्व ज्ञानी, धुरन्धर रत्न चिकित्सक आदिका रूपमा उहाँ डा. नारायण दत्त श्रीमालीको नामबाट विश्वमा विख्यात् हुँदै महामहोपाध्याय, मन्त्र शिरोमणि, समाज शिरोमणि, जगद्गुरु आदिको संज्ञाले विभूषित हुनुभयो। गोरक्ष निखिल युग निर्माणको महायोजना आफ्ना शिष्यहरूको काँधमा सुम्पेर सन् १९९८ जुलाई ३ मा महाप्रयाण लिई उहाँ आफ्नो मूल स्थान सिद्धाश्रम फर्कनुभयो । हाल सद्गुरुदेवकै सूक्ष्म आदेश निर्देशनबमोजिम सिद्धाश्रम शक्ति केन्द्र यस महान् योजनामा कटिबद्ध छ।

*अनन्त कोटि ब्रह्माण्ड गोरक्ष स चराचरम् ।*
*दर्शनम् मुक्ति लाभं च तस्मै श्री गोरक्ष नम: ॥*

श्री श्री महायोगी गुरु गोरखनाथ सम्पूर्ण गुरुहरूमा महागुरु, सम्पूर्ण योगीहरूमा महायोगी, सम्पूर्ण नाथहरूमा महानाथ हुनुहुन्छ। महायोगी श्री श्री गुरु गोरखनाथ भगवान् शिवका सबैभन्दा महत्त्वपूर्ण र प्रमुख अवतारको रूपमा पूजित हुनुहुन्छ । योगमार्गको प्रचारको लागि भगवान् शिवले नै गोरक्ष रूप धारण गर्नुभएको हो । यसैले उहाँलाई श्री शिव गोरक्षको रूपमा आदर-सम्मान गर्ने गरिन्छ । गो शब्दको अर्थभित्र समाहित गाई, पृथ्वी, इन्द्रिय आदि सम्पूर्णको रक्षा गर्ने गोरक्ष नै हुनुहुन्छ। श्रीमद्भागवत, नारदपुराण, स्कन्दपुराण, ब्रह्माण्डपुराण, शिवपुराण, शाक्तप्रमोद, गोरक्षगीता आदिमा उहाँको बारेमा उल्लेख भएको छ । विश्वको इतिहासलाई हेर्दा उहाँको प्राकट्य सयौं हजारौं वर्षको अन्तरालमा विभिन्न स्थानमा भएको पाइन्छ। यसबारे विद्वान्हरूले थुप्रै अनुसन्धान गरेका छन्। आमाको कोखबाट नभई आवश्यकतानुसार आफै प्रकट हुनुहुने महायोगी अजर-अमर कायायुक्त हुनुभएको स्पष्ट हुन्छ ।

नेपालको सन्दर्भमा हेर्दा गोरखा राज्यको नामाकरण उहाँको नामबाट भएको पाइन्छ भने उहाँकै आशीर्वादबाट यो राष्ट्र कहिल्यै पराधीन बन्न नपरेको गौरवशाली इतिहास रहेको छ । उहाँको ऋण चुकाउन पनि हामीले उहाँको भक्ति गर्नै पर्दछ। नाथ पंथका अग्रज महानाथ गुरु गोरखनाथ नेपालका राष्ट्रगुरु हुनुहुन्छ । नेपालका विभिन्न ठाउँमा उहाँका मठ-मन्दिरहरू छन् जस्तै गोरखाको गोरख गुफा, पशुपतिको मृगस्थली पीठ, हनुमानढोकाको काष्ठमण्डप आदि। सिद्धाश्रम शक्ति केन्द्रको अनुसन्धानअनुसार गुरु गोरखनाथ सर्वप्रथम यस धरतीमा वैशाखी शुक्ल पूर्णिमाको दिन गोरखाको गोरख गुफामा प्रकट हुनुभएको थियो । नेपालमा मात्र नभएर विश्वभरि उहाँका सम्प्रदाय, मन्दिर एवं मठहरू स्थापित छन् । आगामी गोरक्ष निखिल युग निर्माणको लागि गोरक्ष शक्ति जगाउँदै नाथ परम्परालाई समाजमा स्थापित गर्न सिद्धाश्रम शक्ति केन्द्र गतिशील छ।




# भवान्यष्टकम्

न तातो न माता न बन्धुर्न दाता न पुत्रो न पुत्री न भृत्यो न भर्ता ।
न जाया न विद्या न वृत्तिर्ममैव गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥१॥
भवाब्धावपारे महादु:खभीरु पपात प्रकामी प्रलोभी प्रमत्तः ।
कुसंसारपाशप्रबद्धः सदाहं गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥२॥
न जानामि दानं न च ध्यानयोगं न जानामि तन्त्रं न च स्तोत्रमन्त्रम् ।
न जानामि पूजां न च न्यासयोगम् गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥३॥
न जानामि पुण्यं न जानामि तीर्थं न जानामि मुक्तिं लयं वा कदाचित् ।
न जानामि भक्तिं व्रतं वापि मातर्गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥४॥
कुकर्मी कुसङ्गी कुबुद्धिः कुदासः कुलाचारहीनः कदाचारलीनः।
कुदृष्टिः कुवाक्यप्रबन्धः सदाहम् गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥५॥
प्रजेशं रमेशं महेशं सुरेशं दिनेशं निशीथेश्वरं वा कदाचित् ।
न जानामि चान्यत् सदाहं शरण्ये गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥६॥
विवादे विषादे प्रमादे प्रवासे जले चानले पर्वते शत्रुमध्ये ।
अरण्ये शरण्ये सदा मां प्रपाहि गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥७॥
अनाथो दरिद्रो जरारोगयुक्तो महाक्षीणदीनः सदा जाड्यवक्त्रः ।
विपत्तौ प्रविष्टः प्रनष्टः सदाहम् गतिस्त्वं गतिस्त्वं त्वमेका भवानि ॥८॥



## दशैं टिका मन्त्र

*जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।*
*दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते॥*
*जय त्वं देवि चामुण्डे जय भूतापहारिणि ।*
*जय सर्वगते देवि कालरात्रि नमोऽस्तुते ॥*
*ब्रह्मा करोतु दीर्घायुर्विष्णु: करोतु सम्पदः ।*
*हरो हरतु पापानि गात्रं रक्षतु चण्डिका ॥*
*आवाहनं न जानामि न जानामि सम्पूर्णम् ।*
*पूजां चैव न जानामि क्षम्यतां परमेश्वरि ॥*

## दशैं टिका मन्त्र

*आयुद्रोणसुते श्रियो दशरथे शत्रुक्षयं राघवे ।*
*ऐश्वर्य नहुषे गतिश्च पवने मानं च दुर्योधने ॥*
*शौर्य शान्तनवे बलं हलधरे सत्यञ्च कुन्तीसुते ।*
*विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ॥*


## दुर्गा साधना गर्ने अवसर

**नवरात्रिमा शक्तिस्वरूपिणी दुर्गा माताको साधना गर्न इच्छुकहरूले बसुन्धरा आश्रममा साधना सामग्रीका लागि सम्पर्क राख्न सक्नुहुन्छ ।**

**सम्पर्क : बसुन्धरा**

**फोन : ०१-४९८९१५४**

# विजया दशमी : नेपाली समाजको महान् चाड

**भूमिका**

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक राष्ट्र हो । यहाँका प्रत्येक समुदायले आफ्नै परम्परा, संस्कार र चाडपर्वलाई जीवन्त राख्दै आएका छन् । यिनै चाडपर्वहरूमध्ये विजया दशमी (दशैँ) सबैभन्दा ठूलो, लामो र जनसामान्यको जीवनसँग गहिरो रूपमा जोडिएको चाड हो । हिन्दु परम्पराअनुसार विजया दशमीलाई असत्यमाथि सत्य, अधर्ममाथि धर्म र पापमाथि पुण्यको विजयको प्रतीकका रूपमा मनाइन्छ । यसलाई नेपालमा मात्रै होइन, भारत, भुटान, बङ्गलादेशलगायत दक्षिण एशियाका धेरै देशमा विभिन्न रूपले मनाउने गरिन्छ ।

यस आलेखमा हामी विजया दशमीको उत्पत्ति, पौराणिक कथन, धार्मिक-दार्शनिक पक्ष, सांस्कृतिक अभ्यास, सामाजिक-आर्थिक प्रभाव, साहित्य र कला-संगीतमा यसको उपस्थिति, आधुनिक युगमा यसको रूपान्तरण र भविष्यमा यसले लिन सक्ने सम्भावित स्वरूपबारे विस्तृतरूपमा चर्चा गर्नेछौँ ।

**१. विजया दशमीको ऐतिहासिक-पौराणिक पृष्ठभूमि**

१.१ दुर्गा पूजा र दशैँको सम्बन्ध

विजया दशमीलाई देवी दुर्गासँग प्रत्यक्षरूपमा जोडिएको छ । पुराणअनुसार असुरराज महिषासुरको अत्याचारबाट देवता, मानव र समस्त सृष्टि त्रस्त भए । भगवान् ब्रह्मा, विष्णु र महादेवको संयुक्त शक्तिबाट एक अनुपम देवीको उत्पत्ति भयो– महामाया दुर्गा । नौ दिन र रातसम्म महिषासुरसँग घमासान युद्ध गरेर दशौँ दिन दुर्गाले असुरलाई बाँधिन् । त्यसैले दशौँ दिनलाई “विजया दशमी” अर्थात् विजय प्राप्तिको दिनका रूपमा मनाइन्छ ।

१.२ राम-रावण युद्धको सन्दर्भ

रामायणमा विजया दशमीको अर्को ऐतिहासिक महत्त्व छ । भगवान् रामले रावणसँग युद्ध गर्दा शक्तिदायिनी दुर्गाको आराधना गरेका थिए । दुर्गाबाट शक्ति प्राप्त गरेर भगवान् रामले दशमीको दिन रावणको वध गरी धर्मस्थापनाको कार्य गरेका थिए । त्यसैले यस दिनलाई ‘राम विजय दिवस’ पनि भनिन्छ ।

१.३ नेपालमा दशैँको प्रारम्भ

नेपालमा दशैँ कति पुरानो हो भन्ने स्पष्ट लेखाजोखा छैन । तर लिच्छविकालीन अभिलेखहरूमा दुर्गा पूजा र विजयादशमीको उल्लेख पाइन्छ । मल्लकालीन दरबारहरूमा त यसलाई राज्य-अनुष्ठानको रूपमा स्थापना गरिएको थियो । राजपरिवार, सामन्त, पुरोहितदेखि साधारण प्रजासम्म सबैले दशैँलाई आ-आफ्नै परम्परामा आत्मसात् गरेका छन् ।

**२. धार्मिक र दार्शनिक महत्त्व**

२.१ सत्य र धर्मको विजय

विजया दशमीको मूल सन्देश नै ‘सत्यको विजय हुन्छ, असत्य अन्ततः हार्छ’ भन्ने हो । यसले समाजलाई अधर्म, अन्याय, अत्याचारविरुद्ध उभिन प्रेरित गर्दछ ।

२.२ शक्ति र भक्ति

दशैँलाई शक्ति पूजासँग जोडिन्छ । दुर्गा, काली, भवानी, चामुण्डा, भद्रकालीजस्ता शक्तिरूपिनी देवता आराधना हुन्छन् । मानिसहरू आफ्नो दुर्बलतालाई शक्तिमा रूपान्तरण गर्ने प्रेरणा लिन्छन् ।

२.३ परिवार एकताको प्रतीक

दशैँमा टिका-जमरा थाप्ने संस्कारले

# सिद्धाश्रम शक्ति केन्द्रबाट आयोजित पञ्चमी पूजनलगायत कार्यक्रम












परिवार, नातेदार र समुदायबीच मेलमिलाप बढाउँछ। टिका थाप्दा 'आयु, स्वास्थ्य, समृद्धि र विजय प्राप्त होस्' भन्ने आशीर्वाद दिइन्छ ।

**३. दशैँ मनाउने विधि र परम्परा**

३.१ घटस्थापना

दशैँको पहिलो दिन घटस्थापनामा जमिनमा माटो ल्याएर जमरा राखिन्छ। यसको धार्मिक अर्थ भनेको जीवनमा हरियाली, समृद्धि र शक्तिको प्रवेश हो ।

३.२ नवरात्र

नवरात्रमा नवदुर्गाको पूजा हुन्छ। हरेक दिन फरक-फरक देवीको आराधना गरी दुर्गा सप्तशती वा देवीभागवत पाठ गरिन्छ ।

३.३ फुलपाती

सातौँ दिन फूलपाती ल्याउने प्रथा छ । परम्परागत रूपमा गोरखा दरबारबाट काठमाडौं दरबारसम्म फूलपाती ल्याउने प्रथा अहिले पनि कायम छ ।

३.४ महाअष्टमी र नवमी

महाअष्टमी र महानवमीमा विशेष पूजा हुन्छ । नवमीमा कोत पूजा गर्ने प्रथा थियो, जहाँ देवीलाई बलि चढाउने गरिन्थ्यो ।

३.५ विजया दशमी (दशौँ दिन)

दशौँ दिन जमरा, टिका र आशीर्वाद ग्रहण गर्ने दिन हो । सानालाई ठूलाले आशीर्वाद दिने, परिवार भेला हुने, खानपान र रमाइलो गर्ने परम्परा छ ।

३.६ कोजाग्रत पूर्णिमा

दशैँको अन्तिम दिन लक्ष्मीपूजा (कोजाग्रत पूर्णिमा) मनाइन्छ । यसदिन रातभर जाग्राम बस्दा लक्ष्मीको कृपा प्राप्त हुन्छ भन्ने विश्वास छ ।

**४. सामाजिक–सांस्कृतिक पक्ष**

४.१ पारिवारिक मेलमिलाप

दशैँले टाढा रहेका परिवारजनलाई एकै ठाउँमा ल्याउँछ। विशेष गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरू दशैँमा घर फर्कन चाहन्छन् ।

४.२ समुदायबीच सद्भाव

नातेदार, छरछिमेक, साथी-भाइबीच टिका-जमरा लगाउने प्रथाले सामाजिक सम्बन्ध मजबुत बनाउँछ ।

४.३ कला, संगीत र साहित्यमा दशैँ

दशैँलाई लिएर थुप्रै गीत, गजल, कविता, कथा, नाटक बनेका छन् । 'दशैँ आयो, खुशी ल्यायो' भन्ने लोकप्रिय लोकगीत प्राय: गाउँघरमा गुन्जिन्छ ।

**५. आर्थिक–सांस्कृतिक प्रभाव**

५.१ उपभोग र बजार

दशैँको बेला नयाँ कपडा, सर-सामान, मीठा-मीठा खानेकुरा किन्ने प्रचलन हुन्छ । यसले बजारमा अत्यधिक व्यापारिक गतिविधि बढाउँछ ।

५.२ यातायात र पर्यटन

देश-विदेशबाट लाखौँ मानिस दशैँमा घर फर्कने भएकाले यातायात चाप असामान्य हुन्छ। पर्यटकहरूले पनि यस अवसरमा नेपाली संस्कृतिको अवलोकन गर्छन् ।

५.३ पशुबलि र विवाद

दशैँमा पशुबलि दिने प्रथा अझै पनि छ। कतिले यसलाई परम्परा मान्छन् भने कतिले हिंसा भनेर आलोचना गर्छन् ।

**६. आधुनिक परिप्रेक्ष्यमा दशैँ**

६.१ शहरीकरण र उपभोक्तावाद

शहरमा दशैँ उपभोगवादी पर्वजस्तै देखिन थालेको छ । महँगा सामान, मोबाइल, गाडी किन्ने होडबाजी हुन्छ ।

६.२ धार्मिक बहुलता र प्रश्न

नेपाल धर्मनिरपेक्ष राष्ट्र भएपछि दशैँ सबैका लागि समान रूपमा लागू नहुने भन्ने बहस छ। तर यसलाई साझा सांस्कृतिक पर्वका रूपमा लिन सकिन्छ ।






zesfdgf

**विजया दशमी तथा**
**दीपावली–२०८२ को सम्पूर्ण**
**नेपालीहरूमा**
**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**रामकुमार माकजु, सचिता माकजु,**
**डा. ईशान माकजु**
चाँगुनारायण न.पा. दुवाकोट, भ.पु.


zesfdgf

**विजया दशमी तथा**
**दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा**
**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**
**मुकुन्द कँडेल,सविना काडेल सपरिवार**


zesfdgf

**विजया दशमी तथा**
**दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा**
**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**
**मधुमति रंजित, आशिष, अनिष**


zesfdgf

**विजया दशमी तथा**
**दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा**
**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**
**अञ्जु श्रेष्ठ सपरिवार, भक्तपुर**


zesfdgf

**विजया दशमी तथा**
**दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा**
**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**
**राधिका वानिया, बसुन्धरा**


zesfdgf

**विजया दशमी तथा**
**दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा**
**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**
**लक्ष्मी श्रेष्ठ सपरिवार, कलंकी**

६.३ विदेशमा दशैं

मलेसिया, खाडी मुलुक, अमेरिका, युरोपमा रहेका नेपालीहरूले पनि क्लब, संघ संस्थामार्फत् दशैं मनाउने गरेका छन् । यसले संस्कृतिलाई विश्वभर फैलाएको छ ।

**७. सकारात्मक र नकारात्मक आयाम**

७.१ सकारात्मक

परिवार र समाजमा एकता
धार्मिक-सांस्कृतिक पहिचान
आर्थिक चहलपहल
कला-साहित्यमा प्रेरणा

७.२ नकारात्मक

अनावश्यक खर्च र ऋण
पशुबलि र हिंसा
मदिरापान, जुवा जस्ता विकृति
यातायात दुर्घटना

**८. निष्कर्ष : भविष्यतर्फको दृष्टि**

विजया दशमी नेपाली समाजको आत्माजस्तै हो । यसको ऐतिहासिक, धार्मिक र सामाजिक महत्त्व असाधारण छ । यद्यपि यसलाई केवल खर्चिलो पर्व वा हिंसात्मक संस्कारमा सीमित राख्नु उपयुक्त हुँदैन । यसको सकारात्मक पक्षलाई प्रोत्साहित गर्दै नकारात्मक अभ्यासलाई हटाउनुपर्छ ।

भविष्यमा दशैंलाई अझ सभ्य, सुरक्षित, पर्यावरणमैत्री र समावेशी बनाउनु पर्नेछ । यसरी मात्र दशैं साँच्चिकै सबै नेपालीको साझा महान् पर्वका रूपमा दीर्घकालसम्म जीवित रहन सक्छ ।

जय गुरुदेव !


**हार्दिक शुभकामना**

**विजया दशमी तथा दीपावली–२०८२ को**
**सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र**
**सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**
**सारदा पुडासैनी सपरिवार, जोरपाटी**


**हार्दिक शुभकामना**

**विजया दशमी तथा दीपावली–२०८२ को**
**सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र**
**सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**
**पवित्रा गुरागाईं सपरिवार, बानेश्वर**

# श्री जगदम्बा स्तुति

ॐ नमः श्रीजगदम्बायै ।
ॐ विश्वेश्वरी निखिलदेव महर्षिपूज्या
सिंहासना त्रिनयना भुजगोपवीता ।
शङ्खाम्बुजास्यऽमृतकुम्भक पञ्चशाखा
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ १॥
जन्माटवी प्रदहने दव-वह्नि-भूता
तत्पाद पङ्कजरजोगत चेतसां या ।
श्रेयोवतां सुकृतिनां भवपाशभेत्री
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ २॥
देव्या यया दनुजराक्षसदुष्ट-चेतो
न्यग्भावितं चरणनूपुरशिञ्जितेन ।
इन्ऽादिदेव हृदयं प्रविकासयन्ती
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ ३॥
दुःखार्णवे हि पतितं शरणागतं या
चोद्धृ त्य सा नयति धाम परं दयाब्धिः ।
विष्णुगजेन्द्रमिव भीतभयापहर्त्री
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ ४॥
यस्या विचित्रमखिलं हि जगत्प्रपञ्चं
कुक्षो विलीनमपि सृष्टिविसृष्टिरूपात् ।
आविर्भवत्यविरतं चिदचित्स्वभावं
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ ५॥
यत्पाद पंङ्कजरजः कणज प्रसादात्
योगीश्वरैर्विगत कल्मषमानसैस्तत् ।
प्राप्त पदं जनिविनाशहरं परं सा
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ ६॥
यत्पादपङ्कज रजांसि मनोमलानि
सम्मार्जयन्ति शिवविष्णु विरिञ्चिदेवैः ।
मृग्यान्य=पश्चिमतनोः प्रणुतानि माता
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ ७॥
यत्पाद चिन्तन दिवाकर रश्मिमाला
चान्तर्बहिश्करणवर्ग सरोजषण्डम् ।
ज्ञानोदये सति विकास्य तमोपहर्त्री
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ ८॥
यद दर्शनामृतनदी महदोघयुक्ता
सम्प्लावयत्यखिल भेदगुहास्व=नन्ता ।
तृष्णाहरा सुकृतिनां भवतापहर्त्री
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ ९॥
हंसस्थिता सकलशब्दमयी भवानी
वाग्वादिनी हृदय पुष्कर चारिणीया ।
हंसीव हंसरजनीश्वर वह्निननेत्रा
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ १०॥

या सोमसूर्यवपुषा सततं सरन्ती
मूलाश्रयात्तडिदिवाऽऽविधरन्ध्रमीढया ।
मध्यस्थिता सकलनाडिसमूह पूर्णा
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ ११॥
चैतन्यपूरित समस्त जगद्-विचित्रा
मातृप्रमेय परिमाणातया चकास्ति ।
या पूर्णवृत्यहमिति स्वपदाधिरूढा
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ १२॥
या चित्क्रमाक्रमतया प्रविभातिनित्या
स्वातन्त्र्यश क्तिरमला गतभेदभावा ।
स्वात्मस्वरूप सुविमर्शपरैः सुगम्या
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ १३॥
या कृत्यपञ्चक निभालन लालसैस्तैः
सन्दृश्यते निखिलवेद्यगतापि शश्वत् ।
सान्तर्धृता परप्रमातृपदं विशन्ती
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ १४॥
यानुत्तरात्मनि पदे परमाऽमृताब्धौ
स्वातन्त्र्यशक्तिलहरीव बहिः सरन्ती ।
संलीयते वरसतः स्वपदे सभावा
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ १५॥
मेरोः सदैव हि दरीषुविचित्रवाग्झि
गायन्ति यां भगवती परिवादिनीझि ।
विद्याधरा हि पुलकाङ्कित विग्रहाः सा
राज्ञी सदा भगवती भवतु प्रसन्ना ॥ १६॥
राज्ञीं सदा भगवतीं मनसा स्मरामि
राज्ञीं सदा भगवतीं वचसा गृणामि ।
राज्ञीं सदा भगवतीं शिरसा नमामि
राज्ञीं सदा भगवतीं शरणं प्रद्ये ॥ १७॥
राज्ञ्याः स्तोत्रमिन्द पुण्यं यः पठेद्भक्तिमान्नरः
नित्यं देव्याः प्रसादेन शिवसायुज्यमाप्नुयात् ॥१८॥
श्रीजगदम्बास्तुती-राजानक-विद्याधर-विरचिता
शुभदा बोभूयात् इति शिवम् ॥
जय देहाद्रिकुञ्जान्तर्निकूजञ्जीव जीवक ।
जय सन्मानसव्योमविलासिवर सारस ॥


zbesfdgf


**विजया दशमी तथा**
**दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा**
**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**
**मोहन काजी श्रेष्ठ**

# देवी दुर्गा-महिषासुरको संग्राम :
# शक्ति, धर्म र विजयको प्रतीक



**प्रस्तावना**

मानव सभ्यताको शुरुआती चरणदेखि नै सत्य र असत्य, धर्म र अधर्म, न्याय र अन्यायबीचको संघर्ष निरन्तर जारी रहँदै आएको छ । भारतवर्ष तथा नेपाली सभ्यताको आध्यात्मिक परम्परामा यस संघर्षलाई देव-दानव, देव-असुर वा देवी-दैत्य विभिन्न युद्धकथाका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यीमध्ये सबैभन्दा लोकप्रिय, प्रभावशाली र धार्मिक-सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण कथा हो- देवी दुर्गा र महिषासुरबीचको संग्राम ।

यस युद्धकथाले केवल धार्मिक विश्वास मात्र प्रस्तुत गर्दैन, बरु स्त्रीशक्ति, आत्मबल र दैवीशक्तिको सर्वोच्च स्वरूपलाई पनि उजागर गर्दछ । यो कथा नवरात्र र दशैँ पर्वको धार्मिक-सांस्कृतिक आधार पनि बनेको छ ।

**१. महिषासुरको उत्पत्ति र अहंकार**

महिषासुर असुरराज 'रम्भ' र महिष (भैंसी) को संयोगबाट जन्मिएको मानिन्छ । त्यसैले ऊ आधा मानव र आधा भैंसीस्वरूपको अद्भूत शक्तिशाली प्राणी थियो । असुर वंशमा जन्मिए पनि ऊ अत्यन्तै कठोर तपस्यामा लीन भई ब्रह्माबाट वरदान प्राप्त गर्न सफल भयो ।

महिषासुरले गरेको तपस्याबाट प्रसन्न भएर ब्रह्माले उसलाई यस्तो वरदान दिए-

'तिमीलाई कुनै पनि पुरुष देवता, असुर वा मानवले मार्न सक्दैन ।'

यस्तो वरदान पाएर महिषासुर अहंकारी, क्रूर र अधर्मी बन्यो । उसले तीनै लोकमा आतंक मच्चाउन थाल्यो । देवलोक कब्जा गरी इन्द्र, अग्नि, वरुण, वायुजस्ता देवताहरूमाथि अत्याचार गर्न थाल्यो । देवगणहरू निराश र असहाय बने ।

**२. देवी दुर्गाको आविर्भाव**

महिषासुरको अत्याचार चरम सीमामा पुगेपछि त्रिदेव (ब्रह्मा, विष्णु, महेश्वर) समेत चिन्तित भए । असुरको आतंकलाई अन्त्य गर्ने उपाय खोज्दा सबै देवताहरूले मिलेर आफ्ना-आफ्ना शक्तिहरूको तेज प्रकट गरे ।

भगवान् शिवको तेजबाट त्रिनेत्र र अर्धचन्द्र उत्पन्न भयो, भगवान् विष्णुको तेजबाट शंख, चक्र र गदा उत्पन्न भए, भगवान् अग्निदेवको तेजले ज्वालामुखीस्वरूपको तेजोमण्डल प्रदान गर्‍यो, वरुणको तेजले दिव्य कमल उत्पन्न गर्‍यो ।

यसरी सबै देवताको संयुक्त तेजले एक अनुपम रूपवती, शक्तिशाली देवी-दुर्गा प्रकट भइन् । देवीलाई प्रत्येक देवताले आफ्ना आयुध अर्पण गरे-

## नवदुर्गाको नौ स्वरूप

दशैंको नौ दिनलाई नवरात्र भनिन्छ । यस अवधिमा दुर्गाका नौ स्वरूपहरूको पूजा, आराधना गरिन्छन् । यी देवीहरूलाई सामूहिक रूपमा नवदुर्गा भनिन्छ ।

शैलपुत्री- हिमालयकी पुत्री, पर्वत जस्तै अटल धैर्य र निष्ठाको प्रतीक ।

ब्रह्मचारिणी- तपस्या, संयम र धर्मपालन गर्ने शक्ति ।

चन्द्रघण्टा- दुश्मनमाथि विजय दिलाउने साहस र पराक्रमकी देवी ।

कुष्माण्डा- सृष्टि र जीवनशक्ति प्रदान गर्ने ।

स्कन्दमाता- मातृत्व, प्रेम र संरक्षणकी प्रतीक ।

कात्यायनी- असुर संहार गर्ने वीरता र निर्भिकताकी देवी ।

कालरात्रि- अन्धकार, भय र दुर्गुणलाई नष्ट गर्ने शक्तिरूपा ।

महागौरी - पवित्रता, क्षमा र जीवनमा उज्यालो ल्याउने ।

सिद्धिदात्री- योग, ज्ञान र सिद्धि प्रदान गर्ने ।

यी नौ देवीहरूको आराधना गर्दा साधकले धैर्य, संयम, साहस, शुद्धता र ज्ञान प्राप्त गर्ने विश्वास गरिन्छ ।



हार्दिक शुभकामना

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
साबित्री श्रेष्ठ सपरिवार




zeesfdgf

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
मिना कुमारी पुरी सपरिवार

भगवान् शिवबाट त्रिशूल, भगवान् विष्णुबाट चक्र, वरुणबाट शंख, अग्निबाट शक्तिवाण, देवराज इन्द्रबाट वज्र, वायुदेवबाट धनुष-वाण, यमराजबाट दण्ड, समुद्रबाट रत्नमाला र कमल । यसरी देवी दुर्गा सम्पूर्ण शक्ति, सामर्थ्य र आयुधले सम्पन्न भएर महिषासुरवधका लागि तयार भइन् ।

**३. संग्रामको आरम्भ**

महिषासुरले जब देवीलाई देख्यो, ऊ प्रारम्भमा देवीको सौन्दर्यमा मोहित भयो । तर देवीको चुनौती स्वीकार गर्दै युद्ध आरम्भ गऱ्यो । युद्ध प्रारम्भ भएपछि महिषासुरले विभिन्न रूप धारण गर्दै देवीसँग लडाइँ चलायो । उसले कहिले भैंसी बनेर आक्रमण गर्थ्यो त कहिले सिंह, कहिले बाघ, कहिले मानव रूप लिन्थ्यो । कहिले हात्ती बनी पृथ्वीलाई हल्लाउने गर्थ्यो । तर देवी दुर्गाले प्रत्येक रूपमा उसलाई परास्त गर्न थालिन् ।

**४. युद्धको उत्कर्ष**

महिषासुर र देवी दुर्गाबीचको युद्ध नौ रातसम्म चलेको बताइन्छ । यही कारण यसलाई नवरात्र पर्वसँग जोडिन्छ ।

प्रत्येक रात देवीले विभिन्न स्वरूप ग्रहण गरी असुरहरूको संहार गरिन् ।

पहिलो दिन शैलपुत्री स्वरूपमा, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कूष्माण्डा, पाँचौँ दिन स्कन्दमाता, छैटौँ दिन कात्यायनी, सातौँ दिन कालरात्रि, आठौँ दिन महागौरी, नवौँ दिन सिद्धिदात्रीको स्वरूपमा देवीका नवरूपद्वारा युद्धको क्रम अघि बढ्यो । अन्ततः दशौँ दिन (विजया दशमी) मा देवीले महिषासुरको वध गर्न सफल भइन् ।

**५. विजयको महत्त्व**

महिषासुर वधले के प्रकट गर्दछ भन्ने जिज्ञासा उठ्न सक्ला । हामीले यसबाट निम्न कुराहरूलाई सिक्न सक्छौँ- धर्मको विजय हुनुका साथै अधर्म, अन्याय र अहंकार सधैँ पराजित हुन्छन्,

स्त्रीशक्तिको सर्वोच्चता- पुरुष देवता र असुरले असफल हुँदा स्त्रीरूपिणी शक्ति नै उद्धारकर्त्री बनिन् ।

एकताको प्रतीक- सबै देवताको शक्तिले मिलेर मात्र यस्तो दैत्यलाई परास्त गर्न सक्यो । एकतामा बल हुन्छ भन्ने सन्देश यसबाट प्राप्त हुन्छ ।

मानवजीवनको शिक्षा- अहंकार, लोभ र अत्याचार चिरस्थायी हुँदैनन्, सत्य, संयम र धर्मले अन्ततः जित्दछ ।

**६. साहित्यिक र सांस्कृतिक प्रभाव**

महिषासुर-मर्दिनी भवानी दुर्गासम्बन्धी कथा हिन्दु धर्मग्रन्थ देवीभागवतपुराण, मार्कण्डेयपुराण (देवीमहात्म्य/दुर्गासप्तशती) लगायतमा उल्लिखित छन् । यो नेपालमा विशेषरूपमा दशैँ र र भारतमा नवरात्र पर्वका रूपमा मनाइन्छ ।

घर घरमा घटस्थापना, दुर्गा पूजन, बलिप्रथा, नवदुर्गाको व्रत तथा भक्ति परम्परा सञ्चालन हुन्छ । सांगीतिक परम्परामा 'महिषासुरमर्दिनी स्तोत्र'लगायतका भजन गाइन्छ । नाट्यरूपान्तरणमा रामलीलाजस्तै दुर्गा नाटकहरू प्रस्तुत हुन्छन् ।

**७. दार्शनिक दृष्टि**

दार्शनिक रूपमा हेर्दा महिषासुर मानव मनका वासना, क्रोध, अहंकारका प्रतीक हुन् । महिष (भैंसी) जस्तै अज्ञान,




zbsfdgf
विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
**भगवती लामिछाने, नारायणटार**





zbsfdgf
विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
**मञ्जु पौडेल सपरिवार, पैयुँटार**





**हार्दिक शुभकामना**
विजया दशमी तथा दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
**मदन कुलु, बसन्तपुर**





**हार्दिक शुभकामना**
विजया दशमी तथा दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
**विजय मानन्धर सपरिवार, चाबहिल**

तामसिकता र आलस्य हाम्रा भित्री असुर हुन् । देवी दुर्गा भने आत्मज्ञान, विवेक र शक्तिस्वरूपिनी छिन् ।

यसरी महिषासुरवधको कथा बाह्य युद्ध मात्र होइन, आन्तरिक आत्म संघर्षको प्रतीक पनि हो । जबसम्म हामी भित्रको 'महिषासुर'लाई जित्दैनौँ तबसम्म आत्मशुद्धि सम्भव छैन ।

**८. आधुनिक सन्दर्भमा**

आजको समाजमा महिषासुरवधलाई विभिन्न कोणबाट बुझ्न सकिन्छ-

नारी सशक्तिकरण- स्त्रीलाई शक्ति र नेतृत्वको केन्द्रका रूपमा मान्यता,

सामाजिक न्याय- अन्याय, हिंसा र उत्पीडनविरुद्धको संघर्ष,

राष्ट्रिय एकता- सम्पूर्ण शक्तिहरू मिलेर मात्रै ठूलो चुनौतीलाई जित्न सकिन्छ ।

नेपालमा दशैं पर्वका बेला घर-घरमा दुर्गा पूजन, टिका-जमरा, जमघट र सांस्कृतिक एकता यसै कथासँग जोडिएको छ ।

**९. निष्कर्ष**

देवी दुर्गा र महिषासुरबीचको युद्ध केवल पौराणिक कथा होइन, यो मानव सभ्यताको मूल्यबोध, स्त्रीशक्ति र नैतिकताको महान् प्रतीक हो ।

महिषासुर पराजय केवल एउटा असुरको वध मात्र होइन, अधर्म, अन्याय, अहंकार र अज्ञानमाथि सत्य, धर्म, न्याय र ज्ञानको विजय हो ।

यसैले आज पनि हामी विजया दशमीलाई उल्लासका साथ मनाउँछौँ- देवीको विजयमा हामी आफ्नो आन्तरिक असुरमाथि पनि विजय प्राप्त गर्ने संकल्प गर्छौं । जय गुरुदेव !


**हार्दिक शुभकामना**

*विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।*

**माधव जंग कार्की, रीता कार्की, नेत्रकुमारी कार्की, रीमा कार्की, एलेक्स जंग कार्की सपरिवार**

**हार्दिक शुभकामना**

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**कृष्ण गोपाल तिमिल्सिना, शकुन्तला तिमिल्सिना, बानेश्वर**

zbsfdgf

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**लोकेन्द्र ठकुरी, सुनिता ठकुरी, पूजा राई**

zbsfdgf

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**टोपबहादुर वस्नेत, सिनामंगल**

zbsfdgf

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**नारायण प्रसाद अर्याल सपरिवार**

zbsfdgf

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**चेतबहादुर मगर सपरिवार, वानियाटार**

zbsfdgf

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**रमा सिंखडा सपरिवार**

zbsfdgf

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**हिराकान्छा महर्जन, सानुमैया महर्जन सपरिवार, बसुन्धरा**

zbsfdgf

विजया दशमी तथा दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**भैरवी सिलवाल सपरिवार, बसुन्धरा**

# पूजा कर्म दुर्गा पूजन



प्रातःकाल स्नानादि नित्य क्रियाहरुबाट निवृत्त भएर स्वच्छ पहेँलो धोतीमा गुरु चारदर ओढी पूजा गृहमा गएर देवताहरुलाई प्रणाम गरौँ । यसपछि पहेँलो आसन बिसाएर उत्तर दिशातिर मुख गरेर बसौँ । आफ्नो अगाडि एउटा सानो चौकी राखेर रातो वस्त्र बिछ्याऔँ, आफ्नो अगाडि माता भगवती दुर्गाको आकर्षक चित्र स्थापित गरौँ । माता भगवतीको पूजनका लागि हामीसित प्राण-प्रतिष्ठित दुर्गा यन्त्र, खड्ग माला तथा सुरक्षा गुटिका हुनु आवश्यक छ । पूजन सामग्री- कुंकुम, अक्षता, धूप, अलैँची, फल, मिठाई, एउटा नरिवल, कलश, जलपात्र, आरतीको सामग्री एवं दूध, दही, घिउ, मह, चिनी आदि मिलाएर पञ्चामृत बनाऔँ । पुष्पादि पनि आफूसित राखौँ र पूजन आरम्भ गरौँ ।

**पवित्रीकरण**

**ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोऽपि वा ।**
**यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥**

यस अभिमन्त्रित जललाई दाहिने हातको औँलाबाट आफ्नो सम्पूर्ण शरीरमा छर्कौं जसबाट आन्तरिक र बाह्य शुद्धि होस् ।

**आचमन**

निम्न मन्त्रको उच्चारणका साथ तीन पटक जल पिऔँ ।

**ॐ अमृतोपस्तरणमसि स्वाहा ।**
**ॐ अमृतापिधानमसि स्वाहा ।**
**ॐ सत्यं यशः श्रीर्मयि श्रीः श्रयतां स्वाहा ।**

**दिशा बन्धन**

बायाँ हातमा चामल लिएर दाहिने हातले चारै दिशामा तथा माथि र तल निम्न मन्त्रको उच्चारण गर्दै छर्कौं-

**ॐ अपसर्पन्तु ते भूताः ये भूताः भूमि संस्थिताः ॥**
**ये भूता विघ्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ॥**
**अपक्रामन्तु भूतानि पिशाचाः सर्वतो दिशम् ॥**
**सर्वेषामविरोधेन पूजाकर्म समारभे ॥**

**संकल्प**

यसपछि संकल्प लिऔँ । जललाई दाहिने हातमा राखेर इच्छित मनोकामना व्यक्त गर्दै आफ्नो नाम र गोत्रको उच्चारण गरेर जल भूमिमा छाडिदेऔँ ।

**गणेश स्मरण**

गणपतिको विग्रह आफूसित छ भने एउटा कुनै थालीमा राखौँ र भगवान् गणपतिको स्मरण गरौँ-

**सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।**
**लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः ॥**
**धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः॥**
**द्वादश तानि नामानि पठेच्छृणुयादपि ॥**
**विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।**
**संग्रामे संकटे चैव विघ्नस्तस्य न जायते ॥**

यसपछि गणपति विग्रहमा कुंकुम, फूल, अक्षता र नैवेद्य अर्पित गरौँ ।

**श्री गुरू ध्यान**

**द्विदल कमलमध्ये बद्धसंवित् समुद्रं ।**
**घृतशिवमयगात्रं साधकानुग्रहार्थम् ॥**
**श्रुतिशिरसिविभान्तं बोधमार्तण्डमूर्तिं ।**
**शमिततिमिरशोकं श्री गुरुं भावयामि ॥**
**श्री गुरु चरणकमलेभ्यो नमः ध्यानं समर्पयामि ।**

यसपछि कुंकुम, धूप, पुष्प, अक्षता तथा नैवेद्य अर्पित गरेर गुरु पूजन सम्पन्न गरौँ ।

**कलश पूजन**

आफूनजिक कुनै थालीमा स्वच्छ लाल वस्त्र ओछ्याएर चामलको थुप्रोमाथि जलले भरिएका कलश स्थापित गरौँ । कलशमा स्वस्तिकको चिन्ह बनाएर कुंकुमको चार थोपा लगाऔँ । कलशभित्र एउटा सुपारी र एक रूपैँया राखी कलशको माथि रातो वस्त्रमा नरिवललाई लपेटेर राखौँ । कलशमा मौलीले लपेटेर हात जोडेर प्रार्थना गरौँ-

**कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः ।**
**मूले तत्रस्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः ।**
**कुक्षौ तु सागरास्सप्त सप्तद्वीपा वसुन्धरा ।**

**ऋग्वेदो यजुर्वेदः सामवेदोह्यथर्वणः ॥**

**अंगैश्च संहिताः सर्वे कलशन्तु समाश्रिताः।**

**अत्र गायत्री सावित्री शान्तिः पुष्टिकरी सदा ॥**

**आयान्तु यजमानस्य दुरितक्षयकारकाः ॥**

कलशमा पुष्प चढाएर प्रणाम गरौँ ।

यसपछि भगवतीको तस्विरमा जलले छर्केर पुछौँ र कुंकुम, अक्षता, पुष्प, धुप, दीयोले पूजन गरौँ ।

**दुर्गाक्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तुते ।**

**आगच्छ वरदे देवि दैत्यदर्पनिसूदनी ।**

**पूजां गृहाण सुमुखि नमस्ते शंकरप्रिये ॥**

## यन्त्र पूजन

कुनै थालीमा 'दुर्गा यन्त्र'लाई स्थापित गरौँ, यसपछि यन्त्रलाई गंगा जल वा शुद्ध जलले स्नान गराऔँ । दूध, दही, घिउ, मह, शख्खर मिलाएर पञ्चामृत बनाऔँ र यसबाट यन्त्रलाई स्नान गराऔँ । पुनः शुद्ध जलले धोएर कुनै अन्य पात्रमा कुंकुमले स्वस्तिक बनाएर त्यसमा यन्त्रलाई स्थापित गरौँ। निम्न मन्त्र पढ्दै कुंकुम, अक्षता तथा फूलले पूजन गरौँ-

**तिलकं समर्पयामि ॐ जगदम्बायै नमः ।**

**अक्षतान् समर्पयामि ॐ जगदम्बायै नमः ॥**

**पुष्प माल्यां समर्पयामि ॐ जगदम्बायै नमः ॥**

यसपछि बायाँ हातमा अक्षता लिएर यन्त्रमा निम्न मन्त्र उच्चारण गर्दै अक्षता चढाऔँ-

**ॐ दुर्गायै पूजयामि नमः । ॐ महाकाल्यै पूजयामि नमः । ॐ मंगलायै पूजयामि नमः । ॐ कात्यायन्यै पूजयामि नमः । ॐ उमायै पूजयामि नमः । ॐ महागौर्यै पूजयामि नमः । ॐ रमायै पूजयामि नमः । ॐ सिंहवाहिन्यै पूजयामि नमः । ॐ कौमार्यै पूजयामि नमः। धूपं आघ्रापयामि जगदम्बायै नमः । दीपं दर्शयामि जगदम्बायै नमः । नैवेद्यं निवेदयामि जगदम्बायै नमः ।**

कुनै पात्रमा मिठाइ, फल तथा अन्य स्वादिला खाद्य पदार्थ सजाएर माता भगवतीसमक्ष भोग लगाऔँ, यसपछि तीनपटक आचमन गराऔँ ।

**ताम्बूलं समर्पयामि नमः ।**

ल्वांग, अलैँची मिलाएर माता भगवतीलाई पान समर्पित गरौँ । यसपछि हात धोएर भगवतीको ध्यान गरौँ-

**दुर्गे स्मृता हरसि भीतिमशेष जन्तोः ।**

**स्वस्थैः स्मृता मति–मतीव शुभां ददासि ॥**

**दारिद्रय दुःख भय हारिणी का त्वदन्या**

**सर्वोपकार करणाय सदार्द्र चित्ता ॥**

यसपछि 'खड्ग माला' एवं 'सुरक्षा गुटिका'लाई अक्षताले पूजन गरौँ । पूजन गर्ने बेला धुप र दीयो बलिरहेको हुनु पर्दछ । चार माला गुरुमन्त्र जपौँ तथा निम्न मन्त्रको ११ माला नित्य ९ दिनसम्म मन्त्र जप सम्पन्न गरौँ-

**॥ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॥**

प्रतिदिन मन्त्र जपपछि माता दुर्गाको आरती एवं गुरु आरती सम्पन्न गरौँ । साधना सम्पन्न भएपछि समस्त सामग्री नदीमा विसर्जित गरिदेऔँ । जय गुरुदेव !




शुभकामना

विजया दशमी तथा दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**नानी छोरी महर्जन, बसुन्धरा**



शुभकामना

विजया दशमी तथा दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**जुनी कुमाल, तीनकुने**




**हार्दिक शुभकामना**

वि.सं. २०८२ विजया दशमी तथा दीपावली–२०८२ को अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**कैलाश सुब्बा, चन्द्रा सुब्बा, सायुज्जी सुब्बा**

**कौशलटार**

## दुर्गा आरती

जय अम्बे गौरी मैया जय श्यामा गौरी ।
तुमको निशिदिन ध्यावत हरि ब्रह्मा शिवरी ॥१॥
ॐ जय अम्बे गौरी...
मांग सिंदूर विराजत टीको मृगमदको ।
उज्ज्वल से दोऊ नैना, चन्द्रवदन नीको ॥२॥
ॐ जय अम्बे गौरी...
कनक समान कलेवर रक्ताम्बर राजै ।
रक्त–पुष्प गल माला कण्ठन पर साजै ॥३॥
ॐ जय अम्बे गौरी...
केहरि वाहन राजत, खड्ग खप्पर धारी ।
सुर–नर–मुनि–जन सेवत, तिनके दुखहारी ॥४॥
ॐ जय अम्बे गौरी...
कानन कुण्डल शोभित, नासाग्रे मोती ।
कोटिक चन्द्र दिवाकर सम राजत ज्योति ॥५॥
ॐ जय अम्बे गौरी...
शुम्भ निशुम्भ विदारे, महिषासुर घाती ।
धूम्र विलोचन नैना निशिदिन मदमाती ॥६॥
ॐ जय अम्बे गौरी...
चण्ड मुण्ड संहारे, शोणितबीज हरे ।
मधु कैटभ दोउ मारे, सुर भयहीन करे ॥७॥
ॐ जय अम्बे गौरी...
ब्रह्माणी रुद्राणी तुम कमला रानी ।
आगम निगम बखानी, तुम शिव पटरानी ॥८॥
ॐ जय अम्बे गौरी...
चौसठ योगिनी गावत, नृत्य करत भैरव ।
बाजत ताल मृदंगा औ बाजत डमरु ॥९॥
ॐ जय अम्बे गौरी...
तुम ही जग की माता, तुम ही हो भरता ।
भक्तन की दुःखहरता, सुख सम्पति करता ॥१०॥
ॐ जय अम्बे गौरी...
भुजा आठ अति शोभित, वर मुद्रा धारी ।
सब मनवांक्षित फल पावत, सेवत नर नारी ॥११॥
ॐ जय अम्बे गौरी...
कंचन थाल विराजत अगर कपूर बाती ।
श्री माल केतु में राजत कोटि रतन ज्योति ॥१२॥
ॐ जय अम्बे गौरी...
हम अति दीन दुखी मां विपति जाल घेरे ।
मै कपूत अति कपटी पर बालक तेरे ॥१३॥
ॐ जय अम्बे गौरी...
श्री अम्बे जी की आरती जो कोई नर गावे ।
कहत शिवानन्द स्वामी, सुख सम्पति पावे ॥१४॥
ॐ जय अम्बे गौरी...

## आश्विनका चाडपर्वहरू

| | |
|---|---|
| **आश्विन १ गते** | **तां. महालक्ष्मी हवन**<br>स्थान : महालक्ष्मी मन्दिर, ल.पु.<br>**तां. विन्ध्यवासिनी हवन**<br>स्थान: विन्ध्यवासिनी मन्दिर, पोखरा<br>इन्दिरा एकादशी, विश्वकर्मा पूजा |
| **आश्विन २ गते** | **तां. बगलामुखी हवन**<br>स्थान: बगलामुखी मन्दिर, ल.पु.पाटन<br>**तां. वेदव्यास हवन**<br>व्यास गुफा प्रांगण दमौली, तनहूँ |
| **आश्विन ३ गते** | खलंगामा चन्दननाथको लिङ्गो ठड्याउने |
| **आश्विन ४ गते** | **तां. बाघ भैरव हवन**<br>स्थान : बाघभैरव मन्दिर, कीर्तिपुर<br>नलास्वनेगु चह्रे पूजा |
| **आश्विन ५ गते** | **दिव्य गुरु महोत्सव**<br>स्थान : बसुन्धरा आश्रमलगायत<br>सोह्रश्राद्ध समाप्त |
| **आश्विन ६ गते** | **श्री शिव गोरक्ष हवन**<br>स्थान : पशुपति मृगस्थली गोरक्षपीठ<br>उपत्यका बाहिर- कास्की, चितवन<br>घटस्थापना, नवरात्रारम्भ |
| **आश्विन ७ गते** | **तां. बटुक भैरव हवन**<br>स्थान: बटुक भैरव मन्दिर, लगनखेल<br>**तां. गणपति हवन**<br>स्थान : सूर्यविनायक मन्दिर, भ.पु. |
| **आश्विन ११ गते** | **तां. सिद्धिकाली हवन**<br>स्थान : ठिमी, सिद्धिकाली मन्दिर<br>पचली भैरव यात्रा |
| **आश्विन १३ गते** | नवरात्रि, फूलपाती |
| **आश्विन १४ गते** | महाअष्टमी, कुछिभ्येय्, गोरखकाली पूजा |
| **आश्विन १५ गते** | महानवमी, स्याक्व त्याक्व |
| **आश्विन १६ गते** | विजया दशमी (दशैंको टिका), खड्गयात्रा |
| **आश्विन १७ गते** | पापांकुशा एकादशी, अन्नपूर्ण यात्रा |
| **आश्विन २० गते** | कोजाग्रत व्रत |
| **आश्विन २१ गते** | **गोरक्ष प्रकट तिथि**<br>स्थान : बसुन्धरा आश्रमलगायत |
| **आश्विन २५ गते** | **तां. विष्णुदेवी हवन**<br>स्थान : विष्णुदेवी मन्दिर, तीनथाना |
| **आश्विन २७ गते** | **तां. भगवान् शिव हवन**<br>स्थान : कोलमतेश्वर मन्दिर, थली |
| **आश्विन २८ गते** | गोरखकाली पूजा |
| **आश्विन ३० गते** | **पूजनीय गुरुमाताको महाप्रयाण दिवस** |
| **आश्विन ३१ गते** | रमा एकादशी |

**प्रत्येक वृहस्पतिबार बिहान १० बजे- गुरु पूजन,**
**प्रत्येक दिन साँझ ५ बजे- आरती**

# हार्दिक शुभकामना





**विजया दशमी तथा दीपावली-२०८२ को**

**पावन अवसरमा**

**सम्पूर्ण साधकसाधिका, भक्तजन, शुभ-चिन्तक एवं**
**घर परिवार, इष्टमित्रका साथै सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति,**
**समृद्धि तथा सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।**

**प्रतिनिधि : विष्णु कुमारी सापकोटा , बृहस्पति सापकोटा**

**आश्रम संयोजक : मिरा तुलाचन**

| | अन्नपूर्ण युनिट | सरसफाइ | प्रशासन | ज स तथा संगित |
|---|---|---|---|---|
| मुख | सावित्री बराल | नानिच्रा श्रेष्ठ | जमुना पराजुली | शुसिला पहारी |
| [illegible] | बिष्णु श्रेष्ठ | सुमित्रा चोधरी | राधागोतम | नन्दा गुरुङ्ग |
| | दुर्गा अधिकारी | रेखा श्रेष्ठ | शुसिला पहारी | राधा बराल |
| | माया कोइराला | धानमाया गुरुङ्ग | तारा पोडेल १ | जमुना पराजुली |
| | रेखा श्रेष्ठ | माया कुवर | जानुका अधिकारी | मिना बराल |
| | नानिच्रा श्रेष्ठ | शान्ता थापा | पवित्रातफ्रया | सुमित्रा चोधरी |
| | शान्ता थापा | विष्णु श्रेष्ठ | दुर्गा अधिकारी | माया कोइराला |

**आश्रम संयोजक: लक्ष्मी तफ्र्या**

| आरति युनिट | बितरण युनिट | पत्रिका युनिट | पुजन युनिट | समन्वय युनिट |
|---|---|---|---|---|
| मिनाबराल | तारा पोडेल१ | गोमति थापा | राधा बराल | जानुका अधिकारी |
| दुर्गा अधिकारी | पवित्रा तफ्रया | गगा कोइराला | लिला खड्का | रुद्र अधिकारी |
| प्रमिला रोकाय | दुर्गा अधिकारी | सीता कोइराला | जमुना पराजुली | गंगा कोइराला |
| रुक्विणा पहारी | गोमति थापा | रुद्र अधिकारी | दुर्गा तिमिल्सेना | गोमति थापा |
| अम्बिका पांढेल | नन्दा गुरुङ्ग | अनिता वानिया | जानुका अधिकारी | मिनाबराल |
| नन्दा गुरुङ्ग | राधा गोतम | बिजुला श्रेष्ठ | माया कुबर | गोपि तुलाचन |

**सिद्धाश्रम शक्ति केन्द्र कास्की**

# वन्दनीय माताजीप्रति श्रद्धासुमन



**प्रस्तावना**

भारतको धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक जगत् निरन्तररूपमा साधक, गुरु र सन्तहरूको योगदानले जगमगाएको छ । त्यसमध्ये गुरुमाता भगवती देवी श्रीमाली एक अद्वितीय नामका रूपमा उदाउनु भएको थियो । उहाँले आफ्नो सम्पूर्ण जीवन अध्यात्म, ज्योतिष, योग तथा समाजसेवामा समर्पित गर्नुभएको छ । साधना, सेवा र संस्कारलाई जीवनको मूल मन्त्र बनाउँदै उहाँले नारी शक्तिको उत्कृष्ट उदाहरण प्रस्तुत गर्नुभयो ।

**प्रारम्भिक जीवन**

गुरुमाता भगवती देवी श्रीमालीको जन्म भारतको धार्मिक परम्पराले सम्पन्न परिवारमा भएको थियो । बाल्यकालदेखि नै उहाँमा आध्यात्मिक र धार्मिक चासो प्रकट भएको देखिन्थ्यो । धार्मिक संस्कारयुक्त वातावरणमा हुर्किंदा उहाँको मन अध्यात्म र साधनातर्फ आकर्षित रह्यो । विद्यार्थी जीवनमा पनि उहाँ कर्तव्यनिष्ठ, धर्मनिष्ठ र समाजसेवी प्रवृत्तिकी व्यक्तित्व हुनुहुन्थ्यो ।

**वैवाहिक जीवन र प्रेरणा**

गुरुमाता भगवती देवी श्रीमालीका जीवनसाथी परमपूज्य सद्गुरुदेव डा. नारायणदत्त श्रीमाली हुनुहुन्थ्यो, जसलाई सम्पूर्ण विश्वले महान् तान्त्रिक, साधक र अध्यात्मवेत्ता भनेर चिन्छन् । जीवनसाथीसँगै साधना र सेवा यात्रामा लाग्दा उहाँको व्यक्तित्व झन परिष्कृत भयो । श्रीमाली दम्पत्तिले आफ्नो जीवनलाई केवल व्यक्तिगत सुखमा सीमित नगरी, समाज र विश्वलाई आध्यात्मिक ज्ञान बाँड्नतर्फ समर्पण गर्नुभयो ।

**आध्यात्मिक योगदान**

गुरुमाता भगवती देवी श्रीमालीले धर्म, अध्यात्म र योगमार्फत् लाखौं साधक र श्रद्धालुहरूलाई मार्गदर्शन गर्नुभएको छ । उहाँले नारीलाई केवल गृहिणीको भूमिकामा सीमित नराखी 'शक्ति-स्वरूपा'का रूपमा स्थापित गर्न निरन्तर जोड दिनुभयो । साधनाद्वारा आत्मबल, संस्कार र नैतिक मूल्यलाई जीवनमा उतार्न प्रेरित गर्नुभयो ।

ज्योतिष र तन्त्र-मन्त्रलाई अन्धविश्वासको रूपमा नभई वैज्ञानिक र आध्यात्मिक दृष्टिकोणले बुझाउन सहयोग गर्नुभयो ।

**साहित्यिक योगदान**

गुरुमाता भगवती देवी श्रीमाली केवल आध्यात्मिक मार्गदर्शक मात्र नभई एक उत्कृष्ट लेखिका पनि हुनुहुन्थ्यो । उहाँले धार्मिक, सांस्कृतिक, सामाजिक तथा अध्यात्मसँग सम्बन्धित दर्जनौं पुस्तकहरू लेख्नुभएको छ । ती पुस्तकहरूले




## हार्दिक शुभकामना



**वि.सं. २०८२ बडादशैं तथा दीपावलीको**

**पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा**

**सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**राज्यलक्ष्मी वस्नेत तथा समस्त परिवार**

सामान्य पाठकदेखि शोधकर्तासम्मलाई प्रेरणा दिएका छन् । सरल भाषा, स्पष्ट प्रस्तुति र गहिरो अध्यात्मिक दृष्टिकोणका कारण उहाँका पुस्तकहरू लोकप्रिय बनेका छन् ।

**समाजसेवा**

उहाँको व्यक्तित्व केवल प्रवचन वा पुस्तकले सीमित भएन । गुरुमाता श्रीमालीले समाजसेवामा पनि ठूलो योगदान दिनुभयो । गरीब, असहाय र पीडितहरूको सहयोग गर्न उहाँ सधैं अग्रसर रहनुभयो । शिक्षाको प्रसारमा जोड दिनुभयो, विशेषगरी ग्रामीण क्षेत्रका बालबालिकालाई पढ्न-लेख्न प्रेरित गर्नुभयो । नारी शिक्षाको महत्वलाई निरन्तर अगाडि बढाउन उहाँले विशेष पहल गर्नुभयो ।

नारी शक्तिको प्रतीक

गुरुमाता भगवती देवी श्रीमाली नारीशक्तिको जीउँदो प्रतीक मानिन्छन् । उहाँले समाजमा नारीलाई कमजोर नभई सक्षम, संस्कारयुक्त र नेतृत्वक्षम रूपमा प्रस्तुत गर्नुभएको छ । धार्मिक सभाहरूमा उहाँले महिला सहभागिता बढाउन प्रेरित गर्नुभयो । संस्कार, धर्म र संस्कृतिको संरक्षणमा महिलाले खेल्ने भूमिका स्पष्ट रूपमा व्याख्या गर्नुभयो ।

**शिक्षा प्रणालीमा योगदान**

उहाँको मार्गदर्शनमा धेरै संस्थाहरू स्थापना भए जसले विद्यार्थीहरूलाई धर्म, अध्यात्म, संस्कार र संस्कृतिबारे शिक्षा दिन थाले । उहाँले विश्वास गर्नुहुन्थ्यो कि यदि शिक्षासँग संस्कार जोडिएन भने समाजले पूर्ण विकास गर्न सक्दैन । त्यसैले उहाँले 'शिक्षा र संस्कार'लाई समानरूपमा महत्त्व दिनुभयो ।

**जीवन दर्शन**

गुरुमाता भगवती देवी श्रीमालीको जीवन दर्शन तीन आधार स्तम्भमा अडिएको देखिन्छ-

साधना - आत्मबल र आध्यात्मिक जागरणको बाटो।

सेवा - समाज, राष्ट्र र मानवताको लागि समर्पण ।

संस्कार - जीवनमा नैतिकता, सत्य र कर्तव्यको पालन ।

उहाँको विचारमा, जोसुकैले आफ्नो जीवनमा यी तीन आधारलाई अंगीकार गर्न सके जीवन सफल र अर्थपूर्ण हुन्छ ।

**अन्तर्राष्ट्रिय प्रभाव**

गुरुमाता भगवती देवी श्रीमाली केवल भारतमा मात्र सीमित नभई अन्तर्राष्ट्रिय स्तरमा पनि प्रसिद्ध हुनुभयो । उहाँका प्रवचन, पुस्तक र साधना-मार्गदर्शनले विदेशमा रहेका लाखौं भारतीय तथा अन्य साधकसाधिका, जिज्ञासुहरूलाई प्रेरित गरेको छ । अमेरिका, युरोप तथा एशियाका विभिन्न देशमा पनि उहाँका शिष्य र श्रद्धालुहरू रहेका छन् ।

**प्रेरणादायी व्यक्तित्व**

आजको समयमा जब नारी अधिकार, संस्कार र शिक्षा बारे धेरै बहस भइरहेका छन्, गुरुमाता भगवती देवी श्रीमालीको जीवन प्रेरणादायी छ । उहाँले देखाउनुभयो कि धर्म र अध्यात्म केवल संन्यासीको लागि होइन, गृहस्थजीवनमा बसेर पनि साधना र सेवा गर्न सकिन्छ ।

**उपसंहार**

गुरुमाता भगवती देवी श्रीमाली एक असाधारण व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले आफ्नो जीवनलाई समाज, धर्म, अध्यात्म र नारीशक्तिको उत्थानका लागि समर्पण गर्नुभयो । उहाँका विचार, लेखन र कार्यहरूले आज पनि लाखौं मानिसलाई प्रेरित गरिरहेका छन् ।

गुरुमाताको जीवनबाट हामीले सिक्ने पाठ भनेको आध्यात्म र व्यवहारबीच सन्तुलन कायम गर्नु, नारी शक्तिलाई सम्मान गर्नु, शिक्षा र संस्कारलाई जीवनमा उतार्नु र मानवताको सेवा गर्नु हो ।

त्यसैले भन्न सकिन्छ कि पूजनीय गुरुमाता भगवती देवी श्रीमाली केवल एक व्यक्तित्व हुनुहुन्न, उहाँ एक जीवित प्रेरणा हुनुहुन्छ, जसले भविष्यका पुस्तालाई पनि सत्कर्म र साधनाको बाटोतर्फ उन्मुख गराइरहने छन् । जय गुरुदेव !


**हार्दिक आमन्त्रण**

k'hgLo u'?dftf euj tL bj]L >LdfnLHo'sf] dxfkl|bf0f lbj; ehgsLt{g cflbsf ;fy dgf0g] ePsf]h] ;DkU0f{ eQmhgx?nf0{ sfo{qmddf ;xeful eOlbg'xg xflb{s cg'/f]w ub{5f}F

**मिति : २०८२ आश्विन ३० गते विहीबार**

**समय : दिउँसो ३:३० बजे**

**स्थान : सिद्धाश्रम शक्ति केन्द्र, बसुन्धरा**

**सिद्धाश्रम शक्ति केन्द्र**

**बसुन्धरा, फोन नं. ०१-४९८९१५४**

# फलाट अनि घरको वास्तु



सानो घर वा फ्ल्याटमा बसोबास गर्दा धेरै चुनौतीहरू आउँछन् । प्रायः ठाउँ सीमित हुने, प्राकृतिक प्रकाश कम पर्नेसँगै ऊर्जा प्रवाहमा बाधा आउने, र फर्निचरको सानो स्थानले अव्यवस्था बढाउने गर्दछ । तर वास्तुशास्त्रले भन्छ कि सानो घरमा पनि सजिलो उपाय अपनाएर सकारात्मक ऊर्जा बढाउन सकिन्छ, जसले स्वास्थ्य, धन, सम्बन्ध र मानसिक शान्तिमा सकारात्मक प्रभाव पार्दछ ।

विशेषगरी ठूला निर्माण वा तोडफोड नगरी, सजावट, प्रकाश, फर्निचर व्यवस्थापन, र प्राकृतिक तत्त्वको प्रयोग गरेर घरको ऊर्जा सन्तुलनलाई सुधार्न सकिन्छ ।

**१. प्रवेशद्वारको महत्व**

घरको प्रवेशद्वारलाई वास्तुशास्त्रमा 'मुख्य ऊर्जा प्रवेशद्वार' मानिन्छ ।

सफा र खुला राख्नुहोस्: अव्यवस्थित ढोका वा ढोकाको अगाडि सामान राख्दा सकारात्मक ऊर्जा अवरुद्ध हुन्छ ।

ढोका खुल्ला र उज्यालो बनाउने: हल्का रंगको ढोका, झ्यालबाट आउने प्रकाश वा सजावटले प्रवेशद्वारमा सकारात्मक ऊर्जा बढाउँछ ।

ढोकाको दिशा: यदि सम्भव छ भने दक्षिण वा पश्चिमतिर ढोका राख्नु लाभदायक मानिन्छ ।

सजावटमा ध्यान दिनुहोस: प्रवेशद्वार नजिक सानो पौधा, स्वागत बोर्ड वा हल्का प्रकाशले सकारात्मक वातावरण बनाउँछ । साना फ्ल्याटमा प्रवेशद्वारलाई व्यवस्थित राख्नु अत्यन्त जरुरी छ, किनभने घरमा प्रवेश गर्ने ऊर्जा (प्राण वा chi) यसैबाट शुरू हुन्छ ।

**२. भान्सा र खाने कक्ष**

भान्सा घरको स्वास्थ्य र धनसँग प्रत्यक्ष सम्बन्धित मानिन्छ ।

सफा र व्यवस्थित भान्सा: खानेकक्ष र भान्सा सधैं सफा राख्नुपर्छ। धूलो, फोहोर वा नुनको डब्बा खुला राख्दा नकारात्मक ऊर्जा बढ्छ ।

प्राकृतिक प्रकाश र हावा: सानो फ्ल्याटमा भान्सामा पर्याप्त प्रकाश र हावा हुने व्यवस्था गर्नुहोस् । यदि झ्याल सानो छ भने हल्का पर्दा प्रयोग गर्न सकिन्छ ।

भान्सा दिशा: दक्षिणपूर्वी भागमा भान्सा राख्नु लाभदायक हुन्छ । यदि सम्भव छैन भने, रंग र प्रकाशको प्रयोगले ऊर्जा सुधार गर्न सकिन्छ ।

फर्निचर व्यवस्थापन: भान्सामा अव्यवस्थित भाँडा




हार्दिक शुभकामना



वि.सं. २०८२ बडादशैं तथा दीपावलीको
पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा
सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

easy SOFTWARE For Better Performance.....

Easy Software
01(5165236, 5165058, Bafal(13, Kathmandu
KULRAJ KHAREL Mob : 9851073301

र उपकरणले ऊर्जा अवरुद्ध गर्छ । सबै सामान व्यवस्थित राख्नुस् । भान्सा केवल खाना पकाउने स्थान मात्र होइनह यो घरको धन र स्वास्थ्यको प्रतीक पनि हो ।

**३. बैठक कोठा र सुत्ने कोठा**

साना घरमा बैठक र सुत्ने कोठा सही ऊर्जा प्रवाहका लागि महत्त्वपूर्ण हुन्छ ।

सुत्ने कोठामा बिछ्यौनाको दिशा: टाउको दक्षिण वा पूर्वतिर राख्दा निद्रा गुणस्तरीय हुन्छ र मानसिक शान्ति बढ्छ ।

सफा र हल्का प्रकाशयुक्त कोठा: झ्यालबाट आउने प्राकृतिक प्रकाश र हल्का रंगले कोठा फराकिलो र शान्त देखिन्छ ।

फर्निचर व्यवस्थापन: बैठकमा फर्निचर कोठाको कुनामा राख्नुहोस्, केन्द्र खुला राखेर ऊर्जा प्रवाह सुधार गर्न सकिन्छ ।

ढोकाको सामना नगर्ने फर्निचर: भारी फर्निचर मुख्य ढोकाको अगाडि नराख्नुहोस्, यसले ऊर्जा प्रवाह अवरुद्ध गर्छ ।

सुत्ने कोठामा फूल, हरियो बिरुवा वा हल्का सजावट राख्दा मानसिक शान्ति र सकारात्मक ऊर्जा बढ्छ ।

**४. प्रकाश, रङ र वातावरण**

सानो घरमा प्रकाश र रंगले ठूलो फरक पार्छ ।

प्राकृतिक प्रकाश: दिनमा झ्यालबाट आउने प्रकाशले सकारात्मक ऊर्जा प्रवाह बढाउँछ ।

साझा र रातको प्रकाश: LED वा हल्का बत्ती प्रयोग गर्दा वातावरण शान्त र आरामदायी बनाउँछ ।

रंगको चयन: हल्का निलो, हरियो, क्रिम वा सेतो रंगले कोठा फराकिलो र सकारात्मक ऊर्जा पूर्ण देखिन्छ ।

वास्तु अनुसार प्रकाश: दक्षिणपूर्वी भागमा हल्का प्रकाश राख्दा धन र स्वास्थ्यमा सुधार हुन्छ ।

प्रकाश र रंगले केवल वातावरण सुन्दर मात्र बनाउँदैन, ऊर्जा सन्तुलनमा पनि ठूलो भूमिका खेल्छ ।

**५. साना सजावट र प्राकृतिक तत्व**

ठूला तोडफोड बिना पनि साना वास्तु सुधार उपाय अपनाउन सकिन्छ ।

घरभित्र हरियो बिरुवा: सानो फ्ल्याटमा पनि घरभित्र हरियो बिरुवा राख्दा सकारात्मक ऊर्जा बढ्छ ।

साना पानीको फोन्तेन: दक्षिणपूर्वी वा उत्तरपूर्वी कुनामा सानो फोन्तेन राख्दा घरमा शान्ति र समृद्धि बढ्छ ।

क्रिस्टल र रंगीन सजावट: प्रकाशसँग मिलाएर राख्दा ऊर्जा प्रवाह सुधार हुन्छ ।

फूल र प्राकृतिक सामग्री: ढोका, कोठा वा भान्सामा सानो फूल वा प्राकृतिक सजावटले वातावरण सुखद बनाउँछ ।

६. अव्यवस्थित सामान र ऊर्जा प्रवाह

साना फ्ल्याटमा अव्यवस्थित सामानले ऊर्जा अवरुद्ध गर्छ ।

अनावश्यक सामान निरन्तर हटाउनुहोस् वा व्यवस्थित गर्नुहोस् । कपडा, झोलाहरू, किताबहरू ठूलो डिब्बा वा आलमारीमा राख्नुहोस् । कोठाको बीच खुला राखेर ऊर्जा प्रवाह कायम गर्नुहोस् । अव्यवस्था मात्र नभई अनावश्यक वस्तुले मानसिक तनाव र थकान पनि बढाउँछ ।

**७. साना फ्ल्याटमा अन्य उपाय**

मिररको प्रयोग: उत्तर वा पूर्वतिर हल्का मिरर राख्दा प्रकाश र ऊर्जा बढ्छ ।

सुत्ने कोठामा इलेक्ट्रोनिक उपकरण कम राख्नुहोस्, मोबाइल, ल्यापटप वा टिभिले ऊर्जा अवरुद्ध गर्छ ।

ध्यान र योग: सुत्ने वा बैठक कोठामा सानो ध्यान वा योगको ठाउँ राख्दा मानसिक शान्ति बढ्छ ।

जय गुरुदेव !




zbsfdgf
विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
**सुन्दर प्रसाद पुडासैनी,**
**जयन्ती पुडासैनी सपरिवार**



zbsfdgf
विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
**शिवप्रसाद आचार्य, हरिप्रसाद आचार्य, कृष्णप्रसाद आचार्य,**
**कल्पना आचार्य, कविता आचार्य, हेटौडा-१९**



zbsfdgf
विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
**विमला गिरी सपरिवार**

# तन्त्रको महिमा-गरिमा

**तन्त्र सिद्धि र तान्त्रिक साधना**

प्राय: मानिसले बुझेका छन् तान्त्रिक डरलाग्दो र असमान्य किसिमको व्यक्ति हुन्छ भनेर । तर यथार्थमा भने नितान्त भिन्नता पाइन्छ । तान्त्रिक साधना भक्तिको अन्तिम खुड्किलो हो । यसै हुँदा यस क्षेत्रमा पाइला राख्नुभन्दा पहिले नै तन्त्र साधना, तन्त्र सिद्धि र विभिन्न देवीदेवताहरूलाई सिद्ध गर्ने तान्त्रिक प्रक्रियाहरूबारे राम्ररी थाहा पाउनु पर्दछ ।

सबैभन्दा राम्रो जानकारी त साधकको मन-मस्तिष्कमा तन्त्र शास्त्रको बारेमा कुनै भ्रम छ भने त त्यसबारे पूर्णत: थाहा पाउनु पर्दछ । रावण र मेघनादले जे जति शक्ति पाएका थिए ती सबै शिवको तन्त्र साधनाहरूको नै प्रतिफल थियो ।

यतिमात्र होइन, तान्त्रिक साधनाहरूको बलमा भूत-प्रेत आदिलाई पनि आफ्नो अनुचर बनाउन सकिन्छ भन्ने विश्वास छ । आज पनि भगवान् जस्तै पूजिदै आएका वास्तविक धर्म प्रचारक र धर्मगुरुले आफ्नो अलौकिक शक्ति तान्त्रिक साधनाबाट नै प्राप्त गरेका हुन् र चोखो साधकले पनि यस्तो प्राप्त गर्न सक्छ भनेर विश्वास गर्ने गरिँदैछ ।

प्राचीन धर्मग्रन्थहरूमा मन्त्र, यन्त्र र तन्त्र साधनाहरूको बारेमा विपुल जानकारी उपलब्ध छ । भय र आपदहरूबाट रक्षा अथवा कुनै विशिष्ट सिद्धि अथवा कार्यको आपूर्तिको लागि जुन मन्त्र जग र अनुष्ठान गर्ने गरिन्छ, त्यो पनि तन्त्र सिद्धि नै हो ।

यन्त्र पूजन र मन्त्रहरूको जपमा जब मुख्य जोड मन्त्रहरूको जपमा र देव आराधनामा दिने गरिन्छ तब त्यसलाई मन्त्र सिद्धि भनिन्छ । तर यन्त्र र मन्त्र दुवैलाई समान महत्त्व दिँदै कुनै विशेष प्रयोजनको सिद्धि हेतु जब पूर्ण विधि-विधानपूर्वक यन्त्रको पूजन र मन्त्रको जप गर्ने गरिन्छ तब यही कार्यलाई तन्त्र साधना भनिन्छ ।

यसो त सबै देवीदेवताहरूको तान्त्रिक साधना गर्ने गरिन्छ । तर व्यवहारिकरूपमा भैरव र काली अर्थात् महाकालीको तान्त्रिक साधनाहरू नै सबभन्दा धेरै हुने गरेको पाइएको छ । भैरवको तान्त्रिक साधना त यति व्यापक हुने गरेको छ कि प्राय:जसो मानिस भैरवको आराधक-उपासकलाई पनि तान्त्रिक ठान्दछ । उनीहरूसँग डराउँछन् र टाढा रहने प्रयत्न गर्दछन् । वास्तवमा यो एउटा मिथ्या भ्रम मात्र हो । केही ढोंगी र पेशेवर तान्त्रिक भनाउँदा अरूलाई खती पुऱ्याउन, आफूतिर आकृष्ट गर्ने गर्दछन्, यस्तै तान्त्रिक साधनाहरूको बारेमा व्यापक भ्रम फैलिएको छ, यसको तथ्यपूर्ण सत्य जनमानसले थाहा पाउनै पर्छ ।

**प्रतिमा, यन्त्र र सामग्री**

कुनै पनि तान्त्रिक साधना गर्दा प्राण-प्रतिष्ठित यन्त्र र आराध्यदेवको प्रतिमाको साथै षोडशोपचार आराधनामा काम आउने सबै वस्तुहरू तथा विशेष भोगको प्रयोग पनि गर्ने गरिन्छ । आराध्य देवको प्रतिमालाई पूर्ण श्रृङ्गार त गरिन्छ नै, घिउ हालेर बालिएको एउटा ठूलो दीयो पनि साधनाको समयभरि बलेकै राखिन्छ ।

तन्त्र आराधक पूजा गर्ने एउटा विशिष्ट स्थान निर्धारित गरेर त्यहाँ उपास्यदेवको सानो मन्दिर बनाएर त्यसमा अखण्ड दीयो पनि बाल्दछ । यतिमात्र होइन, विशिष्ट तान्त्रिक साधनाहरू र षट्कर्महेतु सिद्धिहरू गर्दाखेरि सबै उपादानहरूको प्रयोग त गरिन्छ नै साधकले प्रयोग गर्ने आसन र मालाको पनि विशेष महत्त्व हुने गर्दछ ।

मूर्ति पूजा र षोडशोपचार आराधनाको समान नै तान्त्रिक साधनाहरू गर्दाखेरी पनि सोही अनुसारको पूजा गर्ने सामग्री प्रयोग गरिन्छ । तर यसको चयनको पनि एक निश्चित विधान छ । सेतो र पहेलो रंगको वस्तुहरू, तुलसीको पात र तुलसीको माला भैरव आराधनामा निषेध छ । यसको विपरीत रातो र कालो रङको वस्तुहरूको प्रयोग भने तान्त्रिक साधनामा धेरै महत्त्व राख्दछ । एउटा कुरो के भने भैरवको सौम्य स्वरूपको सात्विक सिद्धि गर्दाको समयमा रातो रङको वस्तु र फूलको मात्र प्रयोग गर्ने गरिन्छ ।

तर रौद्र रूपको तामसिक सिद्धि प्राप्तिको लागि साधना गर्ने साधकले रातो रङको साथ साथै गाढा कालो रङका वस्तुहरू पनि प्रयोग गर्दछन् । भैरव आराधना अथवा कुनै पनि तान्त्रिक साधना गर्दा धूप-दीप र नैवेद्य नभएसम्म पूर्ण हुँदैन । यसको साथै रातो रङको फूलको एउटा माला र

केही फूल साधकलाई चाहिन्छ ।

**नैवेद्य, माला तन्त्र साधनाको प्रमुख रूप**

विधि-विधानपूर्वक षोडशोपचार आराधना तथा तान्त्रिक साधना गर्दाखेरी देवीदेवतालाई दूध, दही, मह, चिनी र जलमा स्नान गराउनुपर्छ। तर हिजोआज व्यवहारिकरूपमा पञ्चामृत बनाएर केही थोपा प्रतिमाको नजिक छर्किदिन्छन् र पञ्चामृत प्रसादको रूपमा भक्तहरूमा बाँड्ने गरिन्छ । यसो त यी वस्तुहरू भैरवको भोग वा नैवेद्यमा होइन, बरू उहाँको स्नानमा काम आउने बस्तुहरू हुन् । भैरवको विग्रहको सम्मुख भोगको रूपमा केही मिठाईहरू र फल राख्ने गरिन्छ ।

यसको मात्रा त जे पनि हुन सक्दछ, तर जहाँसम्म भैरवको विशिष्ट भोगको प्रश्न छ, दुई वा अन्य वस्तुहरूको प्रयोग पनि अनिवार्य रूपले हुने गर्छ त्यो हो– शख्खर (गुड) र मासको दाल साथै मासको बारा पनि । तान्त्रिक साधनाको सिद्धिमा साधकले बस्नको लागि प्रयोग गर्ने आसन, जप गर्ने माला र साधक बस्दा सम्मुखको दिशाको पनि धेरै ठूलो महत्त्व छ । तुलसीको मालाको प्रयोग भैरवको आराधना मन्त्रजप र तान्त्रिक साधनामा वर्जित छ । तन्त्र साधकले रुद्राक्षको माला नै लगाउँछन् र रूद्राक्षको मालाले नै जप गर्दछन् ।

रुद्राक्ष मालाको अभावमा साधकले काठको अथवा काँचको मालाले पनि काम चलाउन सक्छ। विशिष्ट तान्त्रिक साधना गर्ने समयमा पनि आकर्षक र सम्मोहनको लागि पनि रातो ऊनको आसन नै प्रयोग गर्ने विधान छ। यसैगरी बाघको छालालाई आसनको रूपमा प्रयोग सबै किसिमको सिद्धिहरूको लागि समानरूपले श्रेष्ठ भनिएको छ। हरिणको छाला आसनको रूपमा गरिने प्रयोग सात्विक साधना र मन्त्र सिद्धिको लागि सर्वोत्तम मानिएको छ ।

भैंसीको छाला आसनको रूपमा प्रयोग शत्रु मार्न र समूल नष्ट गर्नको लागि गरिने अनुष्ठानमा गरिन्छ । तन्त्र साधनामा उत्तरतर्फ मुख गरेर मन्त्र सिद्धिको शक्ति प्राप्त हुन्छ भने दक्षिणतर्फ मुख गरेर मारण क्रिया गर्ने गरिन्छ, जहाँसम्म सात्विक साधनाको प्रश्न छ, पूर्वतर्फ मुख गरेर रातो ऊनको आसनमा बसेर गर्ने गरिन्छ ।

तन्त्र साधनामा प्रयोग गरिने वस्तुहरू र उपादानको आधारमा तन्त्र साधनाको प्रक्रिया मुख्यत: दुई भागमा विभाजन गर्न सकिन्छ– पहिलो सात्विक तन्त्र साधना हो र दोस्रो तामसिक तन्त्र सिद्धि । यसैगरी तन्त्र साधनाको उद्देश्य पनि प्राय: दुई किसिमको हुन्छ। सर्वश्रेष्ठ र कल्याणकारी अभिप्राय स्वयंलाई आध्यात्मिक विकास र लौकिक उपलब्धि प्राप्ति हो।

सबै किसिमका तान्त्रिक साधना गर्ने साधक प्राय: भैरवको नै साधना गर्दछन्। अर्को कारण भनेको पृथक-पृथक देवीदेवताहरू हुँदाहुँदै पनि अधिकांश तान्त्रिक सिद्धिमा अर्थात् वशीकरणदेखि लिएर मारणसम्मको साधना गर्ने गर्दछन् ।

**साधनामा पंच तत्वको धारणा**

तन्त्रको षट्कर्ममा पृथक पृथक देवीहरू छन् । कुनै पनि कर्म विशेषमा पूर्ण सफलता प्राप्त गर्नको लागि सबैभन्दा पहिले प्रकृतिको पाँच तत्त्वहरू जसले हाम्रो यो शरीर बनेको छ साधना गर्नु पर्दछ ।

पृथ्वीको रङ हरताल जस्तो पहेँलो र स्थिति चतुष्कोणजस्तो छ। यसको अधिष्ठातृदेव ब्रह्मा हो र उनको बीज 'लं' हो। साधकले पाँच तत्त्व, जो इन्द्रियहरूभन्दा बाहिर देखा पर्दछ, ती सबै मेरै शरीरमा छ भन्ने भावना बनाउनु पर्दछ ।

यस भावनालाई नै धारण गर्नु पर्दछ । साधकलाई 'म शरीरसँग बाँधिएको छैन, म नै सम्पूर्ण पृथ्वी हुँ' भन्ने अनुभव हुन सक्नु पर्दछ, पृथ्वी तत्त्व धारण गर्नाले शरीर निर्मल र स्वस्थ बन्दछ, साथै कुनै किसिमको रोगले आक्रमण गर्न सक्तैन ।

शरीरको गुप्तेन्द्रियसम्म जलको स्थानमा पर्दछ। जल मण्डल शंख, कुन्द, पुष्प वा चन्द्रमा जस्तै श्वेत वर्णको छ । यसको बीज अमृतमय 'वं' हो । साधकले चिन्तन गर्दाखेरी पृथ्वीको कण कण ममा स्निग्ध हुँदैछ भन्ने अनुभव गर्न सक्नु पर्छ । 'अमृत र विष दुवै मेरो नै स्वरूप हो । फूलको कोमलता र पहाडको कठोरता मेरो नै कारण हो । पृथ्वी मेरो परिणाम हो, म नै पृथ्वीको रूपमा प्रकट भएको हुँ'- भन्ने भाव अनुभव भएमा अन्त:करण स्वच्छ एवं विशुद्ध बन्दछ र दैहिक, दैविक र भौतिक तीनै किसिमको ताप-सन्ताप हट्दछ ।

गुप्त इन्द्रियदेखि लिएर हृदयपर्यन्त अग्नि मण्डल हो। यो त्रिकोण आकारको रक्त वर्णको छ। यसको मुख्य केन्द्र नाभि हो र बीज 'रं' हो। यसको अधिष्ठादेव रुद्र हो। 'सम्पूर्ण पदार्थहरूको रङ रूप जे जति पनि चमक-दमक, सुन्दरता र आकर्षक छ, त्यो सबै मेरो नै कारणले हो'

भन्ने चिन्तन साधकले आफूमा स्थिर गर्नु पर्दछ । 'सूर्य, चन्द्रमा र विद्युतको रूपमा म नै प्रकाशित हुने गर्छु र चमकी । सबैको आँखामा प्रकट भएर मनै देख्दछु । सम्पूर्ण देवताहरूका शरीर मद्वारा नै बनेको हो' भन्ने भाव धारण गरी अभ्यासद्वारा अग्नि तत्त्व सिद्ध गरेमा अरूले गरेको जादू-लागू-भागू केहीले पनि शरीरलाई हानि पुऱ्याउन सक्दैन, साधक सुरक्षित रहन्छ ।

मुटु (हृदय) देखि लिएर आँखीभुइँसम्म वायु मण्डल रहन्छ । यसको वर्ण कालो छ । यो 'यं' बीज मन्त्र भएको अमृत तत्त्व-शक्तिरूप हो । अधिष्ठातृदेव ईश्वर भएको वायु तत्त्वको धारण जब पाँच घडीसम्म गर्न सक्छ तब आफू (साधक) नै वायु भएको अनुभव गर्न थाल्दछ ।

'अग्नि मेरो नै विकास हो । अनन्त आकाशमा जे जति ग्रह-नक्षत्र छन् ती सबैलाई मैले धारण गरेको छु । हरेक वस्तुमा जुन आकर्षण र विकर्षणको शक्ति छ त्यो म नै हुँ ।' पाँच घडीसम्म वायु तत्त्व धारण गर्ने साधक वायुरहित स्थानमा जीवित रहन सक्ने मात्र होइन, न त जलमा नै डुब्दछ, न आगोले डढाउँदछ र न वायुले नै सुक्दछ । वृद्धावस्था र मृत्यु दुवैलाई यसले जित्दछ ।

आँखीभुइँको बीचदेखि मूर्द्धा पर्यन्त आकाश मण्डल हो । समुद्रको जल झैं नीलो रङ भएको यसको बीज 'हं' हो र अधिष्ठातृदेव सदाशिव हो, जसको शिरमा अर्द्धचन्द्र विराजमान छ, जसको पाँच मुख, दश हात र तीन आँखा (नेत्र) छ । प्राणलाई स्थिर गरेर साधकले जब वायु तत्त्वको स्वरूपको धारणा नित्य गर्दछ तब 'म एक रस हुँ, न मेरो बाहिर केही छ र भित्र नै' भन्ने अनुभव गर्दछ । यस तत्त्वको सिद्धिले साधक आवागमनरहित भएर मोक्ष प्राप्त गर्दछ । उसको लागि सृष्टि र प्रलयको कुनै महत्त्व नै रहँदैन ।

साधकले सबैभन्दा पहिले पृथ्वी मण्डलको चिन्तन गरेर त्यसलाई जल मण्डलमा विलीन गर्नुपर्छ, अनि जल मण्डललाई अग्नि मण्डलमा र वायु मण्डललाई आकाश मण्डलमा विलीन गर्नुपर्दछ । नित्य नियमपूर्वक कार्यको कारणमा विलीन गर्दै साधकले सबै तत्त्वहरू (कार्यहरू) लाई परम कारण (शिव) मा स्थापित गरेर स्वयमेव शिवको आत्मरूप सम्झेर काम गर्न थाल्दछ, यस्तो साधना मुख्य रूपले स्वयंलाई शिवमय बनाउन र उनको शक्ति प्राप्त गर्नको लागि गरिन्छ । साधना गर्ने साधकलाई थुप्रै सिद्धिहरू यो साधना प्रारम्भ गर्ने वितिकै स्वयंप्राप्त हुन थाल्दछ । यसैकारण समाजमा तन्त्र-मन्त्रप्रति जनमानसमा विश्वास छ ।

*सन्दर्भ सामग्री :*


१. श्रीवास्तव, सी.एम. (इ.स.२०१४) वशीकरण सिद्धियां साधना एवं प्रयोग (पाचौं सं.) दिल्ली: मनोज पब्लिकेशन्स ।

२. चट्टोपाध्याय, देवी प्रसाद (इ.स.१९७३) लोकायत, दिल्ली: राजकमल प्रकाशन ।

३. परिव्राजक, स्वामी ब्रह्ममुनि (इ.स.१९४१) अथर्ववेदीय मन्त्र विद्या दिल्ली: दयानन्द संस्थान, नई दिल्ली ५ ।

४. भट्ट, विद्यानाथ उपाध्याय (२०६२) तन्त्र विद्यालोक, काठमाडौं ।


जय गुरुदेव !




zbsfdgf
विजया दशमी तथा
दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
गंगा माया गुरुङ सपरिवार, गोरखा



zbsfdgf
विजया दशमी तथा
दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
राजकुमार शाही, ज्योति शाही,
सोफिया, सोनिका



हार्दिक शुभकामना
विजया दशमी तथा दीपावली-२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति,
समृद्धि र सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
किशोर अफसेट प्रेस
गल्कोपाखा-२९, ठमेल
काठमाडौं, फोन नं. ०१-४०२२५४४, ४०२२५७२



हार्दिक शुभकामना
विजया दशमी तथा दीपावली-२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ध्रुव बिष्ट, नन्दा बिष्ट, निशा बिष्ट,
निलिमा बिष्ट, गोनिका बिष्ट



# हार्दिक शुभकामना

**वि.सं. २०८२ विजया दशमी**

**तथा दीपावलीको**

**अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।**

- **गोरखा**, सौरपानी–३ पोखरी,
- **कास्की**, पो.उ.म.न.पा.-१०, रामघाट,
- **सर्लाही**, बरहथवा-७, एस्माली टोल,
- **पाल्पा**, तानसेन,
- **ललितपुर**, लगनखेल,
- **गोरखा**, बसपार्क,
- **तनहुँ**, दमौली, व्यास गुफा,
- **लमजुङ**, बेँसीशहर, भीमसेनटोल,
- **भक्तपुर**, सूर्यविनायक, पाञ्चायन मन्दिरसँगै, कटुन्जे, भ.पु.
- **कास्की**, लेखनाथ चोक,
- **सिन्धुली**, पानी ट्यांकी
- **चितवन**, गौरीगञ्ज
- **काठमाडौँ**, पुरानो बानेश्वर, रत्नराज्य मा.वि. स्कुलसँगै
- **काठमाडौँ**, सिमलटार
- **काठमाडौँ**, वासुकि मार्ग, तीनकुने
- **गोदावरी**, ललितपुर,
- **गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रम**, बसुन्धरा, काठमाडौँ,
- **सानोभऱ्याङ**, स्वयम्भू, काठमाडौँ
- **गोंगबुँ**, बानियाँटार, काठमाडौँ
- **नरदेवी**, काठमाडौँ
- **बबरमहल**, काठमाडौँ
- **धापाखेल**
- **ठिमी**
- **बोडे**,
- **मच्छेगाउँ**, सत्यनारायण मन्दिरसँगै
- **तीनथाना**
- **कीर्तिपुर**
- **गोरखा दरबार**
- **सुकुटे**, सिन्धुपाल्चोक,
- **कास्की**, लामाचौर,
- **कास्की**, घार्मी
- **कास्की**, भगवतीटार
- **कास्की**, मालेपाटन
- **कास्की**, खुदी
- **सुर्खेत**,
- **स्याङ्जा**, पुतलीबजार
- **सिनामंगल**, काठमाडौँ
- **झापा**, सुरुंगा
- **झापा**, तोपगाछी
- **पर्सा**, मधुवन, सथवल
- **थली, काठमाडौँ**
- **सुन्दरीजल, काठमाडौँ**
- **शंखु इटे**, धुलीखेल
- **बाह्रबिसे**
- **चैनपुर**, संखुवासभा
- **हेटौंडा**
- **महेन्द्रनगर**
- **सिमरा**
- **लोकन्थली**
- **कैलाली**

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

9801059672 9845150521
**SM HEALTH WARE**
A PERFECT SOLUTION OF MEDICAL INSTRUMENTS (SURGICAL HOUSE)
Bharatpur-10, Chitwan
Tel: 056-520955
smhealthware@gmail.com
ABN
GRENA
DemeTECH "A Trusted Name in Medicine"
All Kinds of Surgical, Lab & Hospital Equipments.

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जागेश्वर अधिकारी ९८४१८२८२५९९१
दुर्गा शर्मा ९८४९६३१४९१

**Gurukul Books & Stationary**
गुरुकुल बुक्स एण्ड स्टेशनरी
dWo afgZjr, sf7df8fF(rTgrfHo ;sh ejg;B)
यहाँ स्कुल तथा कलेजका सम्पूर्ण पाठ्यपुस्तक साथै स्टेशनरी सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Income Tax
VAT
Accounts
Company
Registrations
Financial Projections

Pro Capital consultants Pvt. Ltd
-Mid Baneshwor -10, Kathmandu
-connect.procapital@gmail.com
-9869164386
Pro Capital
together for business

zEsfdgf

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सुमित्रा पौडेल सपरिवार, बूढानीलकंठ**

**हार्दिक शुभकामना**

**विजया दशमी तथा**
**दीपावली-२०८२ को**
**सम्पूर्ण नेपालीहरूमा**
**सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको**
**मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

*के.वि. कार्की, जीवन मैयाँ कार्की,*
*रोजालिना कार्की, एलिना कार्की,*
*समीर विक्रम कार्की, बनस्थली*

**हार्दिक शुभकामना**

विजया दशमी तथा
दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा
सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भीम गिरी, रस्मी गिरी,**
**रविना गिरी, भवेश गिरी,**
गठ्ठाघर

**हार्दिक शुभकामना**

विजया दशमी तथा दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्रीमान्/श्रीमती विद्यानाथ भट्टराई, रीता भट्टराई**
**सपरिवार, मध्य बानेश्वर**

**गुरूकार्य नै हो सम्पूर्ण शास्त्रको सार ।**
**गुरूकार्यले नै गर्छ आत्म परिकार ।**



# हार्दिक शुभकामना



विजया दशमी तथा
दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा
सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको
मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**>j0f sd'fr n06]n**

---

**गुरुकार्य नै हो सम्पूर्ण शास्त्रको सार ।**
**गुरुकार्यले नै गर्छ आत्म परिष्कार ।**

---



z'esfdgf



विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**भवानी थपलिया, टुंडालदेवी**

---



z'esfdgf



विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**चन्द्रकला राई सपरिवार**

---



# हार्दिक शुभकामना



विजया दशमी तथा दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको
शुभकामना व्यक्त गर्दछौँ ।

**नविन अछामी तथा कुमार रस्तेल**
**एवं सपरिवार, मीनभवन, काठमाडौँ**

---



z'esfdgf



विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**सेती माया महर्जन, नरदेवी**

---



# हार्दिक शुभकामना



वि.सं. २०८२ बडादशैं तथा दीपावलीको
पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा
सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**कुबेर थापा तथा समस्त परिवार**

---



# हार्दिक शुभकामना



वि.सं. २०८२ विजया दशमी तथा दीपावली–२०८२ को
अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि
तथा सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**विक्रम पाठक, सुमित्रा पाठक तथा सपरिवार, घट्टेकुलो**

z'esfdgf

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**शोभा पौडेल सपरिवार**

z'esfdgf

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

मोतीलाल पाध्या, टेक कुमारी पाध्या,
भूमिराज शर्मा, सुषमा शर्मा, सोफिल, सोफिया

z'esfdgf

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**सुमित्रा पौडेल सपरिवार**

z'esfdgf

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**विमला गिरी सपरिवार**

**हार्दिक शुभकामना**

विजया दशमी तथा दीपावली–२०८२
को सम्पूर्ण नेपालीहरूमा सुख,
शान्ति, समृद्धि र सुस्वास्थ्यको
मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**अभिषेक बुक्स एण्ड स्टेशनरी**
मध्य बानेश्वर, फोनः ०१–४४६२२८४

**हार्दिक शुभकामना**

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**गोमा ओझा सपरिवार**

**हार्दिक शुभकामना**

विजया दशमी तथा दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको
मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**मधुबहादुर कार्की सपरिवार, सिमलटार**

**हार्दिक शुभकामना**

विजया दशमी तथा दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**रत्न प्रधान सपरिवार**

**हार्दिक शुभकामना**

विजया दशमी तथा दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**पूर्णप्रसाद खनाल सपरिवार**

**कण कणमा गोरख जगाऔं**
**रोट महोत्सव सफल पारौं ।**

**हार्दिक शुभकामना**

**विजया दशमी तथा दीपावली-२०८२ को**
**सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र**
**सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**ज्ञानु रेग्मी, कुलेश्वर**

**हार्दिक शुभकामना**

विजया दशमी तथा दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**मधुकुमारी रायमाझी, जया रायमाझी, भाष्कर-रविना,**
**ललित खड्का-विजया, अविरल-अभिषेक**

# उपहार योजना

## गोरक्ष निखिल वाणी

**पत्रिकाको उत्तरोत्तर प्रगतिको लागि पहल गर्नुहुने सम्पूर्णप्रति हार्दिक धन्यवाद दिंदै पत्रिकाको ११, २१ र ५१ जना सदस्य बनाउनेहरूलाई विशेष धारण माला प्रदान गरिने सहर्ष जानकारी गराउँदै पत्रिकालाई जन–जनमा पुऱ्याउने गहन गुरुकार्यमा सरिक हुन सबैलाई आग्रह गर्दछौं ।**

**सिद्धाश्रम शक्ति केन्द्र**

**सम्पर्कः फोन नं. ०१–४९८९१५४**

## भुक्तानीको सहज माध्यम

SIDDHASHRAM SHAKTI KENDRA

Terminal : 2222030003552465

Address : Nepal

## गोरक्ष निखिल वाणी तपाईं हाम्रै पत्रिका हो यसलाई फलाऔं फुलाऔं

नेपालकै पहिलो आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक पत्रिका **गोरक्ष निखिल वाणी**का प्रिय पाठकहरूलाई सहजताका साथ पत्रिका वितरण गर्न तपाईँहरूकै घरदैलोमा पत्रिका पुऱ्याउने प्रयास भइरहेको सहर्ष जानकारी गराउँदै पाठक महानुभावहरूलाई पत्रिका प्राप्त भइरहेको छैन अथवा ढिलो प्राप्त भइरहेको छ भने सम्पर्क राख्नुहुन हार्दिक अनुरोध गर्दछौँ । साथै पत्रिकासम्बन्धी अन्य समस्याहरू पनि यहाँ अवगत गराउन हुन अनुरोध गर्दछौँ ।

आफ्नो क्षेत्र वा बसोबास गर्ने ठाउँका पाठकहरू कहाँ गएर पत्रिका वितरण गर्न इच्छुक साधक साधिकाहरूले पनि नाम टिपाउन सक्नुहुन्छ । पत्रिकाको लागि कम्प्युटर टाइप, डिजाइन गर्न चाहने साधकसाधिका वा गुरु सेवकसेविकाहरुले पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

पत्रिका सदस्यताको म्याद समाप्त हुने सम्पूर्ण सदस्यहरूले समयमा नै नवीकरण गराउनु भई पत्रिका प्रकाशनका लागि सहजीकरण भूमिका निर्वाह गरिदिनुहुन विनम्र अनुरोध गर्दछौँ । काठमाडौँ बाहिरका सदस्यहरूले पत्रिका सदस्य शुल्क रु. ४००।- र कुरियर शुल्क बापतको रकम सिद्धाश्रम शक्ति केन्द्रको नाममा निम्नलिखित बैंक खातामा जम्मा गर्न सक्नुहुनेछ । सम्पर्क कार्यालय रहेका जिल्लाहरूको हकमा भने नवीकरणका लागि नजिकको सम्पर्क कार्यालयमा नै सम्पर्क राख्नुहुन अनुरोध छ ।

जय गुरुदेव !

**सिद्धाश्रम शक्ति केन्द्र,**
**ग्लोबल आई.एम.ई. बैंक, धापासी, काठमाडौँ**
**खाता नं. ०८०१०१०००००८१**

**सिद्धाश्रम शक्ति केन्द्र,**
**कृषि विकास बैंक, रत्नपार्क शाखा कार्यालय**
**खाता नं. ०२०९५००१६०३९७०१२**

# भक्त रामचन्द्र

दक्षिण भारतको करवीर, वर्तमान कोल्हापुर नगीचको एक ब्राह्मण परिवार रहन्थ्यो । लोग्ने-स्वास्नी दुई र एक सानो बालक थिए । ब्राह्मण वृत्तिद्वारा घरको निर्वाह हुन्थ्यो । घरमा तुलसीको बोट थियो र भगवान् शालिग्रामको पूजा हुन्थ्यो । स्वास्नी आज्ञाकारिणी थिइन् । लोग्ने-स्वास्नीको रूचिको आदर गर्ने खालका थिए । दुवै धार्मिक थिए । आ-आफ्नो कर्तव्यको विचार पुऱ्याउँथे र दुवैको आपसमा धेरै उच्च हिन्दु आदर्शअनुसारको स्वभाविक प्रेम थियो । भगवान्को कृपाले एक सन्तान पनि भइसकेको थियो । दम्पत्ति सुखी थिए । तर दिन बदलिरहन्छ । सुखको उज्यालो दिन एक्कासी दु:खको अमावस्याको अन्धकारमा बदलिन्छ । जीवन सुखमा नै बित्ला, आनन्दका ती दिन कहिल्यै नहट्लान्, मानिस सोच्दछ तर विधाताको विधानले कुरा बिग्रन्छ । कत्रो आशाले भित्री हृदयको कत्रो मायाले, हृदयको कत्रो अमृतमय प्यारको पानीले जुन जीवनको आधारको बोटलाई पटनी गरिन्छ, त्यही एकाएक छिन्नभिन्न भएर हाम्रा हृदयका समस्त तारहरूलाई भताभुङ्ग पारिदिन्छ । जन्म-मरणको चक्र चौबीसै घण्टा चलिरहन्छ र धेरै नै प्रष्ट भावले यो घोषणा गर्दछ- 'जीवन क्षणभङ्गुर हो, सुख अनित्य हो र आशा दुष्परिणामी हो ।'

चाहे जे होस्, गाउँमा एकपटक हैजा फैलियो र एक्कासी प्राणप्रतिमा ब्राह्मणी कालको कराल मुखमा बिलाइन् । ब्राह्मण अत्यन्त दु:खी भए । मातृहीन शिशुको पनि नराम्रो अवस्था भयो । केही दिनपछि ब्राह्मण पनि हैजाको पन्जामा र दूधमुखा सानो अढाई वर्षको बालकलाई छोडेर जान बाध्य भए । मन शिशुमा अड्क्यो, तर मृत्युको अकाट्य शक्तिको सामुन्ने केही पनि जोर लाग्न सक्दैन ।

गाउँको छेउमा एउटा साधु रहन्थे । महात्मा थिए । कसले जानोस्, उनलाई कहाँबाट प्रेरणा भयो ? उनी त ममतालाई पार गरेर अको तटमा पुगिसकेका थिए । उनको मनमा दया पनि मनको एउटा त्याज्य वृत्ति नै थियो । तर ब्राह्मण दम्पत्तिको मृत्यु र शिशुको दुर्दशाको समाचारले उनको मनमा दयाको संचार गरायो । चाहे त्यो बाधितानुवृत्तिबाट नै भएको होस् । साधु बाबाले दौडेर बालकलाई आफ्नो कुटीमा बोकेर ल्याए । बडो प्रेमले हजारौं आमाको स्नेहले उनी उसलाई पालन-पोषण गर्न लागे । बालकलाई नुहाउनु-धुवाउनु, खुवाउनु, पिलाउनु र उसको हेरचाह गर्नु उनको मुख्य काम नै हुन गयो । धन्य छ भगवान्को लीला !

महात्माको कुटी एकान्तमा थियो । त्यसको तलतिर नदी बग्दथ्यो । चारैतिर रमाइलो वन थियो । ठूलो सात्त्विक वातावरण थियो । संसारी काम, क्रोध, लोभ, असत्य र हिंसा त्यहाँ पुग्नै सक्दैनथ्यो, हुनै पाइँदैनथ्यो । कुत्सित क्रिया र दूषित चेष्टा गर्ने त्यहाँ आउँदै आउँदैनथ्यो । भोग-विलासको सरसामान सपनामा पनि देख्न पाइँदैनथ्यो र खानपानमा पवित्रता तथा सादापन थियो । सुत्ने-उठ्ने र आहार-विहारको परिमाण तोकिएको थियो । सबैभन्दा ठूलो कुरा त्यहाँ भगवान्को आराधना, भगवच्चर्चा र भगवच्चिन्तन हुने गर्दथ्यो । मन र इन्द्रियहरूको सामुन्ने यस्तो कुनै दृश्य देखा नै पर्दैनथ्यो जसबाट मनमा विकार उत्पन्न हुने सम्भावना होओस् । काम, क्रोध, असत्य र हिंसा आदि दोषहरू मनका धर्म होइनन् । इन्द्रियहरूका कुचेष्टा यिनका स्वभाव होइनन्, यी त विकार हुन् र आगन्तुक दोष हुन्, जो मुख्यतया सङ्गदोषबाट उत्पन्न हुन्छन् र फेरि तद्नुकूल चेष्टाहरूबाट बढ्दै बढ्दै चित्तमा यहाँसम्म आफ्नो ठाउँ ओगट्न पुग्दछन् कि उनीहरू चित्तबाट अलग्ग देखिँदै देखिँदैनन्, चित्त र इन्द्रियहरूका सहज स्वभाविक धर्म र स्वरूप नै लाग्दछन् । अस्तु ।

जन्मदेखि नै आमा-बाबुको सच्चेष्टा तथा सन्तको कुटीको शुद्ध वातावरण र सत्सङ्गको प्रभावले गर्दा बालकको जीवनमा कुनै नयाँ दोष आएकै थिएन । सूर्व-संस्कार जनित दोषहरू पनि दबेर क्षीण हुन गए र धेरै नष्ट नै हुन गए । खराब विचार, खराब भावना र खराब कामहरूदेखि भनौं उनी अपरिचित नै रहे । महात्मा उनलाई पढाउनुको साथै पारमार्थिक साधनामा पनि लगाइराख्दथे । पूर्वजन्मको कुनै सम्बन्ध थियो अथवा विशुद्ध भगवत्प्रेरणा थियो भन्न सकिन्न, महात्मा आफ्नो सारा साधना र सारा ज्ञान ती बालकको निर्मल हृदयमा एकै पटकमा भरिदिन चाहन्थे । परिणामस्वरूप सोह्र बर्षको उमेरमा नै ती बालक एक महान् साधक बने । अहिंसा, सत्य, प्रेम, संयम उनको स्वभाव बन्न पुग्यो । भगवान्को भक्तिको मूल उसको भित्रबाट फुट्यो र सबैलाई पवित्र पार्न लाग्यो । सत्यको प्रतापले उनको वाणी अमोघ भयो र त्याग तथा संयमको महिमाले उनको प्रत्येक

इच्छा फलिभूत हुन गयो । उनी बाहिर र भित्रबाट सच्चा महात्मा बन्न पुगे ।

सबैको समय निश्चित हुन्छ । महात्माको जीवनको अवधि पनि पूरा भयो । उनी यो असार संसार छाडेर हाँस्तै हाँस्तै भगवान्‌को परम धाममा पुगे । बालक निराश्रित त भए, तर महात्माजीको कृपाले कुनै शोक भएन । भगवान्‌को विधान उनले शान्त हृदयले शिरमा थापे ।

महात्मा उनलाई रङ्गनाथ भन्दथे । यसले गर्दा उनको त्यही नाम प्रसिद्ध हुन गयो । उनी रात-दिन भगवान्‌को भजन ध्यानमा रहन्थे । भगवान्‌को कृपाले जे जस्तो पाइन्थ्यो त्यसैबाट गुजारा गर्दथे । उनको जीवनको प्रत्येक पल भगवान्‌को सेवामा अर्पित थियो । उनको तपस्याको तेजको ख्याति टाढा टाढासम्म फैलियो । मानिसहरू दर्शन गर्न आउन लागे । उनले दिनको एक प्रहर यस्तो छुट्याए, जसमा मानिसहरूसँग भगवच्चर्चा हुन्थ्यो । बाँकी सारा समय एकान्तमा वित्थ्यो । एकफेरा एउटा दुःखी मानिस उनी कहाँ आए । उनले उनलाई एकान्तमा आफ्नो दुःख सुनाए । दुःख थियो- धनको इच्छाको । रङ्गनाथलाई उनको दुःखबाट दुःख लाग्यो । उनले मनमनै भने 'प्रमादवश यो यति दुःखी भइरहेको छ । धनमा सुख भएको भए जुन मानिसहरूसँग प्रशस्त पैसा हुन्छ, तिनीहरूको जीन्दगी त सुखमय हुनुपर्दथ्यो । तर उनीहरू पनि दुःखी नै देखिन्छन् । अज्ञान जडित असंतोष नै दुःखको कारण हो । त्यो मेटिएको खण्डमा मानिस प्रारब्धअनुसार जुनसुकै अवस्थामा किन होओस् सधैं खुसी रहन सक्दछ । रङ्गनाथले उनलाई सम्झाउने कोशिस गरे । बडो प्रेमले सबै कुरा सुनाए तर उनलाई सन्तोष भएन । उनले भने- 'एक फेरा यहाँले आफ्नो मुखले भनिदिनु भएमा मलाई प्रशस्त धन प्राप्त होला । यस यत्तिमा म कृतार्थ बन्नेछु ।' रङ्गनाथले भने- 'पहिलो कुरा- मैले भन्दैमा हुन्छ नै के ? अर्को म प्रत्यक्ष देखिरहेछु र अनुभव गर्दछु कि बढी धनबाट तिम्रो दुःख बढ्नेछ, घट्ने छैन । तब म तिम्रो वास्तविक हित चाहँदा चाहँदै तिमीलाई त्यो मिलोस् भन्ने कसरी गर्न सक्छु ? यसको साथै एउटा अर्को कुरा छ- धन प्राप्त हुनु वास्तवमा तिम्रो प्रारब्धको अधीन छ । धन प्राप्त हुनमा तिम्रो कुन चाहिँ प्रबल कर्म बाधक भइरहेको छ त्यो थाहा छैन । मैले भने अनुसार धन प्राप्त भएन भने तिमीलाई भगवान्‌माथि नै अविश्वास हुन सक्तछ । त्यसैले भाइ ! तिमी एउटा काम गर । सर्वात्मभावले भगवान्‌को शरण परी आफ्नो सारा परिस्थिति उनको सामुन्ने राख, र उनी तिम्रो लागि जे कल्याण प्रद सम्झून् त्यही गरून् भनी उनीसँग विन्ती गरे । वास्तवमा अहिले पनि उनी तिम्रो मेरो कल्याण नै गरिरहेका छन्, तर विश्वास हुँदैन र यसैले दुःख हुन्छ । भाइ ! अब भगवान्‌को विधानमा खुसी रहू । यही मङ्गलमय छ ।'

यस प्रकार धेरै सम्झाउँदा पनि जब उनलाई सन्तोष भएन, तब परम तपस्वी रङ्गनाथले उसलाई एक पटक आँखा चिम्लनको लागि भने- आँखा चिम्लेपछि उनले देखे- उसले चिने-जानेका ठूलठूला धनी मानिसहरू जसलाई ऊ खुब सुखी सम्झन्थ्यो दुःखको भीषण नरकको आगोमा जलिरहेका थिए । उनीहरूमध्ये एउटा भनिरहेको थियो- 'साँचो हो, धनको यो भयंकर परिणाम हो । मैले धनको घमण्डले पागल भएर ठूलो अहंकार गरेको थिएँ । मैले कसैलाई पनि गनिनँ । धन जसरी बढ्दै गयो मेरो लोभ पनि त्यसरी बढ्दै गयो । मैले छल, बल र चतुऱ्याइँबाट अर्काको धन पनि हरण गरेँ । मानिसहरूमा ठूलो धर्मात्मा र सुखी मानिन्थेँ । तर त्यस समयमा पनि मलाई जलन भइरहेको थियो र आज त यस नरकाग्निमा यस्तो भयङ्कर यातना भोगिरहेको छु । यसबाट म जलिरहेको छु । दुःखबाट छुट्कारा चाहने कुनै पनि मानिस यस्तो भयङ्ककर परिणाममा पुऱ्याउने धनको लोभ नगरोस् । यदि न्यायद्वारा सत्य र सत्यद्वारा धन प्राप्त भएमा पनि त्यसमा आफ्नो अधिकार नठानी त्यसलाई भगवान्‌को सम्पत्ति सम्झोस् र दीन दुःखी प्राणीहरूको सेवाको रूपमा प्रसन्न मनले त्यसको सदुपयोग गरिरहोस् । धनबाट ममा पन्ध्र दोष- दम्भ, दर्प, अभिमान, क्रोध, हिंसा, ममता, मोह, काम, असत्य, प्रमाद, कुसङ्गत, जुवा, विलासिता र इन्द्रियशक्ति उत्पन्न भए । मैले धनको नशाले अन्धो भएर थाहा छैन के के गरेँ । त्यसबेला त्यसको यो भयङ्कर फल सुझेन, तर आज म त्यसैको परिणाम यो नरकाग्नि भोगिरहेको छु । वास्तवमा आफ्नो लागि मानिसलाई त्यति मात्र धनको प्रयोजन हुन्छ, जतिबाट अन्न र वस्त्रको काम चलोस् । धेरै धनको लालच त भोग-विलासको कारणले मात्र हुन्छ । म त्यसबेला यस कुरालाई बिर्सिरहेको थिएँ । हे भगवान् ! यहाँबाट कुनै प्रकार छुटकारा मिलेमा पीडा हट्ने थियो ।'

अर्कोले भन्यो- 'म धेरै धनी थिएँ र जुनसुकै किसिमले धन बटुल्नु नै मेरो जीवनको उद्देश्य बनेको थियो । धनलाई मैले कहिल्यै गरिबहरूको सेवामा लगाइन । यसले गर्दा यसभन्दा अघि सर्पको जुनि पाएँ र अब यो दुर्गति भोगिरहेको छु । केही नरकबासी प्राणीहरू अरू पनि कयौं कुरहरू सुनेपछि नारकीय यातनाहरूको कारणले

गर्दा घ्वाँ-घ्वाँ रून लागे। उनीहरूको आर्तनाद सुन्न नसकिने थियो। साह्रै नै करूण दृश्य थियो। त्यसपछि त्यो दृश्य एक्कासी हट्यो र उनका आँखा खुले। उनले देखे- महात्मा रङ्गनाथजी ठूलो करूणा दृष्टिले ऊतिर हेरी मुस्कुराइरहेका छन्। देखेको दृश्य र भक्त रङ्गनाथजीको दयादृष्टिको उनमा निकै राम्रो प्रभाव पर्‍यो। आश्रमको सात्विक वातावरण र सत्सङ्गको स्वभाविक असर त थियो नै। भवत्कृपाले उनको धनकामना नष्ट भयो। उनले भने- 'गुरुदेव! मलाई यस्तो उपाय बताइदिनोस्, जेले गर्दा मेरो मानव जन्म सफल होस्। मलाई धन चाहिँदैन, म चाहन्छु भगवान् प्रेम, भगवान्को अनन्यभिचारिणी भक्ति। तपाईँ दया गर्नुहोस्।'

उनको नाम थियो- रामचन्द्र। रामचन्द्रको हृदयको सुन्दर परिवर्तन देखेर रङ्गनाथजी निकै प्रसन्न भए। उनले भने- 'भाइ रामचन्द्र! जुन बेलासम्म चित्तमा भोगको कामना भरिरहन्छ, त्यसबेलासम्म उसको अन्धकार मेटिदैन र त्यस्तो अन्धकार रहेसम्म शोक-सन्तापबाट कहिल्यै छुटकारा पाइँदैन। भोग वासनाको नाश सच्चा वैराग्यवान् प्रभुप्रेमी सन्तको सङ्गबाट हुन सक्दछ। भगवान्को भक्ति हुनुपर्दछ। विषय-वैराग्य विना भक्ति हुनै सक्दैन। विषयमा प्रेम भइरहेसम्म भगवान्मा प्रेम कसरी होओस् र जसमाथि प्रेम नै छैन त्यसलाई पाउने प्रमाद पनि कसरी होओस्? साँचो कुरा त यो हो- भगवान् नै हाम्रा प्राणाधार हुन्, परम आत्मीय हुन्, सुखदुःख दुवैका नित्य साथी हुन्, आफन्त हुन्, र परम प्रियतम हुन्। एकफेरा उनलाई कुनै प्रकारले चिन्न जान्न सकियो भने उनीतर्फ हृदय आकर्षित नभई रहनै सक्दैन। उनीसित एकपटक चिनजान हुनुपर्दछ। अनि त प्राण आफै उनको लागि रून मन लाग्छ। उसलाई प्राप्त नगरी एकछिन पनि चैन पाउँदैन, कुनै कुरा पनि राम्रो लाग्दैन। सबै थोक छाडेर, सारा बन्धन तोडेर भित्रका सम्पूर्ण वृत्ति एकमुखी भएर उनीपट्टि नै बग्न थाल्नेछन् प्रचण्ड वेगले अत्यन्त द्रुतगामी भएर। असह्य हुनेछ उनको निमेष मात्रको वियोग पनि। यस्तो हुनु नै मुनष्यजीवनको पूर्ण सफलताको पूर्व रूप हो। मानिसले आफ्नो जीवनमा यसैको लागि पूरा प्रयास गर्नुपर्दछ। यसको उपाय हो- भगवान्को भजन। म तिमीलाई द्वादशाक्षर मन्त्र बताउँछु। तिमी सुन र सुन्दरी तथा मान र प्रतिष्ठाको मोह छोडेर नित्य यस मन्त्रको पवित्र र श्रद्धापूर्ण चित्तले यथासम्भव धेरै जप गर्ने गर। मन्त्र हो- 'ॐ नमो भगवते वासुदेवाय'। होशियार! ठूलठूला प्रलोभन आउलान् तिमीलाई डगाउन, तर कुनै प्रकारले लालचमा पनि नफस्नू। भगवान् करूणामय छन्। तिम्रो निष्ठा सच्चा भएमा उनी आफ्नो दर्शनले तिमीलाई कृतार्थ पार्नेछन्।

रामचन्द्र पनि अफै अविवाहित थिए। उनीसँग बाबुले छाडेको केही धन त थियो। तर पहिले कुनै पनि तरिकाले प्रशस्त धन कमाउने र त्यसपछि विवाह गरेर मोज उडाउने उनको इच्छा थियो। गृहस्थ धर्मको पालनको भन्दा इन्द्रियभोग, मोज तथा शोखमाथि उनको दृष्टि धेरै परेको थियो। उनी विलासमय जीवन बिताउनको लागि नै धन संग्रह गर्न चाहन्थे भन्नु नै उपयुक्त थियो। उनले अनेकौं उपायहरू गरे। जसले जे बताए पनि गरिहाल्थे। अन्तमा भक्त रङ्गनाथको वाक्सिद्धिको कुरा सुनेर कुनै पूर्व पूण्यको प्रभावले उनी कहाँ आएका थिए र यिनको अमोघ सङ्गतिले उनको मोहनिद्रा टुट्यो। उनी व्यूँझेर घर फर्के र महात्माको आज्ञानुसार भगवत्कृपा प्राप्त गर्नको लागि द्वादशाक्षर मन्त्रको जप गर्न लागे। जति जति जप बढ्न लाग्यो, त्यति त्यति नै उनको आनन्द बढ्न थाल्यो। जुन लक्ष्मी उनीबाट टाढा-टाढा रहन्थिन्, तिनै लक्ष्मी अब त नबोलाउँदा पनि उनी कहाँ आउन लागिन् तर उनी बडो दृढ बनिरहे आफ्नो व्रतमा। उनी जति जति हट्दथे, भोग सामग्रीहरू उति नै उनको सामुन्ने आएर उपस्थित हुन्थे। तर उनले कसैपट्टि कहिल्यै दृष्टि दिएनन्। मानिस र देवताहरूले उनलाई घर-जग्गा, महल-सहल, स्त्री-पुरूष, धन-दौलत तथा मान-प्रतिष्ठाका ठूला ठूला प्रलोभनहरू देखाए। सबै चीजहरू मानौं, प्रत्यक्ष भएर उनको सेवा गर्न तत्पर भए, तैपनि उनले तिनको त्यसै गरी त्याग गरे जसरी मानिस आफ्नो बान्तालाई त्याग्दछ।

उनको साधना सफल भयो। एकदिन उनी एउटा पवित्र एकान्त ठाउँमा सन्ध्या वन्दनादि गरिसकेपछि ध्यानस्थ भएर श्री भगवान्को पवित्र मन्त्रको जप गरिरहेको बेला साक्षात् भगवान् नारायण त्यहाँ प्रकट हुनुभयो। रामचन्द्र ध्यानसुखमा मग्न थिए। भगवान्को प्रेरणाले आखिर उनका आँखा खुले र उनी साधु रक्षक भगवान्को दिव्य स्वरूपको दर्शन पाएर कृतार्थ भए। आँखासम्म पनि नझिम्काइकन रूपसुधाको पान गर्न लागे। कुनै किसिमले पनि तृप्ति हुँदैनथ्यो। धेरै बेरपछि उनको वाणी खुल्यो र भगवान्को स्तुति गर्न लागे। खुसी भएर भगवान्ले उनलाई आफ्नो प्रेम भक्ति दान गर्नुभयो। जीवन सफल भयो।

भन! भगवान् र भगवान्का भक्तको जय!

जय गुरुदेव!

## सिद्धाश्रम शक्ति केन्द्रका सम्पर्क कार्यालयहरू

- **गोरखा**, सौरपानी–३ पोखरी,
  फोन: ९७४६०१७९७८, ९७४११२७७४५
- **कास्की**, पो.उ.म.न.पा.-१०, रामघाट,
  फोन: ०६१-५३०७८६
- **सर्लाही**, बरहथवा-७, एस्माली टोल,
  फोन: ०४६-५४००११, ९८५४०३६५७९
- **पाल्पा**, तानसेन, मो: ९८४७०२८१८८
- **ललितपुर**, लगनखेल, मो.नं.९८४९१३७५१७,
- **गोरखा**, बसपार्क, फोन: ०६४-४२०३४८
- **तनहुँ**, दमौली, व्यास गुफा,
  फोन: ०६५-५६१६६२
- **लमजुङ**, बेँसीशहर, भीमसेनटोल, ९८४६१९२१३९
- **भक्तपुर**, सूर्यविनायक न.पा. वडा नं **५**
  पाञ्चायन मन्दिरसँगै, कटुन्जे, भक्तपुर
  फोन: ०१-६६१९३६०
- **कास्की**, लेखनाथ चोक,
  फोन: ०६१-२२९२००
- **सिन्धुली**, पानी ट्यांकी
  फोन: ९८४४००९३९२ .
- **चितवन**, गौरीगञ्ज ९८४५०८६६५१,
  पुल्चोक ९८५५०५२१०४, ९८५५०६१६२४
- **काठमाडौँ**, पुरानो बानेश्वर, रत्नराज्य मा.वि. स्कुलसँगै
  फो. ०१-४४६४५४६
- **काठमाडौँ**, सिमलटार, मो. ९८५११३६६२५
- **काठमाडौँ**, वासुकि मार्ग, तीनकुने
  मो: ९८४१३४४७१४
- **गोदावरी**, ललितपुर, मो. ९८४१४९१२७३

### संस्थाको मिशन

- **गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रम**
  बसुन्धरा, काठमाडौँ,
  फोन नं. ०१-५९०३८९१

## आरती संचालन केन्द्रहरू

- **सानोभऱ्याङ**, स्वयम्भू, काठमाडौँ,
  मो.९८०८२४६४६७
- **गोंगबुँ**, बानियाँटार, काठमाडौँ, मो:
  ९८४१०७८६१९
- **नरदेवी**, काठमाडौँ, मो. ९८०३५६३४२९
- **बबरमहल**, काठमाडौँ मो. ९८६०७०१९५२
- **धापाखेल**, मो. ९८४१३३६४६१
- **ठिमी**, मो. ९८४१६२००६२
- **बोडे**, मो. ९८४१४६४५७०
- **मच्छेगाउँ**, सत्यनारायण मन्दिरसँगै
  मो.९८४३०३३०७२, ९८६११३५१३५,
  ९८४१८५९८३४
- **तीनथाना**, मो. ९८४१५८१४७५,
  ९८५१००४८१६
- **कीर्तिपुर**, मो. ०१-४३३५७४८,
  ९८६०४४२९८४, ९८४१२१०३८३
- **गोरखा दरबार**, गोरखा, मो.
  ९८४९७०४९७५
- **सुकुटे**, सिन्धुपाल्चोक, मो. ९८६६०४९४८३
- **कास्की**, लामाचौर, ९८४६०३८५४४
- **कास्की**, घार्मी
- **कास्की**, भगवतीटार
- **कास्की**, मालेपाटन मो. : ९८५६०३१७३४
- **कास्की**, खुदी, मो. : ९८४६०२८८४७
- **सुर्खेत**, मो:९८४४८६०१३२,,
  ९८४८१२०१९१
- **स्याङ्जा**, पुतलीबजार
- **सिनामंगल**, काठमाडौँ, मो. ९८४१२४४०६२
- **झापा**, सुरुंगा
- **झापा**, तोपगाछी, मो नं. ९८४९०५३९०७
- **पर्सा**, मधुवन, सथवल, मो. ९८०४२२६८४७
- **थली, काठमाडौँ**, मो: ९८४९२७१८१०
- **सुन्दरीजल, काठमाडौँ**, मो. ९८४१२००१२८,
  ९८४३७७३६७९
- **शंखु इटे**, धुलीखेल (१२, मो. ९८४३४०८३३२
- **बाह्रबिसे**, मो. ९८४१९०२६१२, ९८४३१८६२९०
- **चैनपुर**, संखुवासभा मो. : ९८५१०१०१४७

### अन्य सम्पर्क केन्द्रहरू

- **हेटौडा**, मो. ९८४५४००३२७
- **महेन्द्रनगर** मो. ९८५८७७०९६०
- **सिमरा**, मो. ९८६३६५७८२९
- **लोकन्थली**, मो. ९८४९२१४४०४
- **कैलाली** मो. ९८६८५२८७८४

## हार्दिक शुभकामना

वि.सं. २०८२ बडादशैं तथा दीपावलीको
पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि
तथा सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**फ्युचर एपरल**
सिलाई, कटाई गार्मेन्ट सम्बन्धी कार्य
बोडे, भ.पू.

## हार्दिक शुभकामना

वि.सं. २०८२ बडादशैं तथा दीपावलीको
पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि
तथा सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राजेन्द्र प्र. शिवाकोटी, नानु शिवाकोटी, प्रशान्त, सुषमा, प्रतिक राज सपरिवार**

zbsfdgf

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जानुका गुप्ता सपरिवार, बसुन्धरा**

## हार्दिक शुभकामना

विजया दशमी तथा
दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा
सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको
शुभकामना व्यक्त गर्दछौं ।

**श्रीमान्/श्रीमती पंकज थापा, पार्वती थापा**
मैतीदेवी, काठमाडौं

विजया दशमी तथा
दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।




## हार्दिक शुभकामना

विजया दशमी तथा दीपावली–२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्रीमान्/श्रीमती विष्णु ज्ञवाली, शोभा ज्ञवाली**
**मध्य बानेश्वर**

**गुरुकार्य नै हो सम्पूर्ण शास्त्रको सार ।**
**गुरुकार्यले नै गर्छ आत्म परिष्कार ।**

## हार्दिक शुभकामना

२०८२ बडादशैँको उपलक्ष्यमा सद्गुरुदेवहरू तथा
नवदुर्गा भवानीसँग समस्त नेपालीलाई सुस्वास्थ्य,
दीर्घायु, सुख, समृद्धि प्राप्त होस् भनी मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

उद्धव सुवेदी/सरिता शर्मा सुवेदी अजित रिजाल-रचना/सृष्टि-सुरक्षा
विदुर-अर्चना/अदिता, भूषण, विद्युश्री

---

## हार्दिक शुभकामना

विजया दशमी तथा दीपावली-२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

**अम्बिका कोइराला सपरिवार**
बसुन्धरा

---

## हार्दिक शुभकामना

विजया दशमी तथा दीपावली-२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दछौँ ।

गुणराज घिमिरे, रञ्जना घिमिरे,
आभा घिमिरे, आमोदराज घिमिरे

---

## हार्दिक शुभकामना

विजया दशमी तथा दीपावली-२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दछौँ ।

**गुणराज शर्मा (आचार्य), विजया शर्मा,**
**आभाष शर्मा, प्रभाष शर्मा**

---

## हार्दिक शुभकामना

विजया दशमी तथा दीपावली-२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दछौँ ।

**विमला पाण्डे सपरिवार लाजिम्पाट**

---

## zbsfdgf

विजया दशमी तथा
दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**कमला दाहाल सपरिवार**

---

## zbsfdgf

विजया दशमी तथा
दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

कौशल्या थापा सपरिवार
बसुन्धरा, काठमाडौँ

---

## zbsfdgf

विजया दशमी तथा
दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

नारायण सुनुवार, सविता सुनुवार,
रोशन सुनुवार सपरिवार

---

## zbsfdgf

विजया दशमी तथा
दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**केदार दवाडी, रमा दवाडी, सोनी दवाडी,**
**मणि दवाडी सपरिवार**

---

## zbsfdgf

विजया दशमी तथा
दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**जयन्ती मल्ल सपरिवार**

---

**गुरुकार्य नै हो सम्पूर्ण शास्त्रको सार ।**
**गुरुकार्यले नै गर्छ आत्म परिष्कार ।**




**मेष (चू, चे, चो, ला, ली, लु, ले, लो, अ)ः** तपाईंका समयहरू अनुकूल बन्दै आइरहेको देखिन्छ । त्यसैले बुद्धिमत्तापूर्वक अगाडि बढ्नुहोला । आफ्ना विचार भावनाहरूलाई संयमित राख्दै अगाडि बढ्दामा नै तपाईंले ठूलो सफलता प्राप्त गर्न सक्नुहुनेछ । दैवी कृपाको माध्यमबाट तपाईंको जीवनमा धेरै परिवर्तन हुने भएकोले साधना, भक्तिभावलाई विशेष जोड दिनुहोला । व्यापार क्षेत्रमा पनि बिस्तारै सुधार हुनेछ । रोजगारी र नोकरीतर्फ पनि केही सुधार हुने देखिएको छ । यात्रामा होश पुऱ्याउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता नवदुर्गाको पूजा, आराधना र साधना गर्नुहोला ।

**वृष (ई, उ, ए, ओ, वा, वी, वु, वे, वो)ः** केही प्रतिकूल परिस्थितिहरू देखा परे पनि तपाईंलाई समयले साथ दिने देखिएको छ । त्यसैले आफ्ना वाणीहरूलाई अलि नियन्त्रित राख्नुहोला । अप्ठ्यारो, प्रतिकूल परिस्थितिमा पनि आफूलाई धैर्य र संयम राख्नुहोला । व्यापार व्यवसायमा पनि तपाईंलाई राम्रा राम्रा अवसरहरू प्राप्त हुनेछन् । घर परिवारबाट पनि साथ सहयोग प्राप्त हुनेछ । रोजगारी, नोकरीमा पनि केही प्रगति हुने देखिन्छ । स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनु होला । सम्पूर्ण अनुकूलताको लागि महाशक्ति मनकामना माताको पूजा, आराधना र साधना गर्नुहोला ।

**मिथुन (क, की, कु, ध, ङ, छ, के, को, ह)ः** समय परिस्थितिहरू अनुकूल बन्दै आइरहेको देखिन्छ । त्यसैले बुद्धिमत्तापूर्वक अगाडि बढ्नुहोला । घर परिवारबाट पनि सहयोग प्राप्त हुने देखिन्छ । व्यापार व्यवसाय पनि सुधारोन्मुख देखिएको छ । स्वास्थ्यमा ख्याल पुऱ्याउनुहोला । दैवी शक्तिको कृपा, आशीर्वादबाट तपाईंलाई धेरै उन्नति प्रगति हुने भएकोले जप, तप र साधनालाई जोड दिनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता चामुण्डाको पूजा, आराधना र साधना गर्नुहोला ।

**कर्कट (ही, हु, हे, हो, डा, डी, डु, डे, डो)ः** केही प्रतिकूल परिस्थितिहरू देखा परे पनि तपाईंलाई आफ्ना विचार भावनाहरूलाई संयमित राख्दै अगाडि बढ्दामा नै तपाईंको बुद्धिमानी हुने देखिन्छ । समयले तपाईंलाई राम्रा अवसरहरू ल्याउने देखिएका छन् । त्यसैले होशियारीपूर्वक अगाडि बढ्नुहोला । घर परिवारबाट पनि आंशिक सहयोग प्राप्त हुने देखिन्छ । व्यापार व्यवसायमा केही सुधार हुने देखिएका छन् । नोकरीमा पनि राम्रै हुने देखिन्छ । स्वास्थ्यमा ध्यान पुऱ्याउनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि महाशक्ति बगलामुखी माताको पूजा, आराधना र साधना गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)ः** समय परिस्थितिहरू अनुकूल बन्दै आइरहेको देखिन्छ । आफ्ना वाणीहरूलाई संयमित राख्दै अगाडि बढ्नुहोला । प्रत्येक कुरा सोचेर मात्र निर्णय लिनुहोला । दैवी कृपाको माध्यमबाट तपाईंको जीवनमा धेरै राम्रा अवसरहरू प्राप्त हुने भएकोले आफ्नो भक्तिभाव साधनालाई विशेष जोड दिनुहोला । व्यापार व्यवसायमा पनि सुधार हुने देखिएको छ । नयाँ नयाँ रोजगारी र नोकरीमा पनि राम्रा अवसरहरू प्राप्त हुनेछन् । स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता महाकालीको पूजा, आराधना र साधना गर्नुहोला ।

**कन्या (टो, पा, पी, पू, ष, ण, ठ, पे, पो)ः** समय परिस्थितिहरू अनुकूल बन्दै आइरहेको देखिन्छ । केही दुःख संघर्ष रहे पनि धैर्यपूर्वक अगाडि बढ्ने कोशिस गर्नुहोला । घर परिवारबाट पनि सहयोग प्राप्त हुने देखिन्छ । व्यापार व्यवसायमा अलि होश पुऱ्याउनुहोला । नोकरीतर्फ पनि राम्रै हुने देखिन्छ । शिक्षा क्षेत्रमा पनि राम्रै देखिन्छ । स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता दक्षिणकालीको पूजा, आराधना र साधना गर्नुहोला ।

*तान्त्रिकताको आधारमा तयार पारिएको राशिफल भएकोले यसलाई त्यही अनुरूप ग्रहण गरिदिनुहोला । तपाईँको सम्पूर्ण भाग्य सही र सत्य गुरुले किटान गरिदिनु भएको हुन्छ । तान्त्रिक योगबलले हुने नराम्रो घटनालाई न्यूनतामा र न्यून घटनालाई टारिदिने गर्दछ । अस्तु ।*



**तुला** (रा, रि, रु, रे, रो, **ता, ति, तु, ते**) : समय समय परिस्थितिले तपाईंलाई अनुकूल वातावरण ल्याइरहेको देखिएको छ । त्यसैले राम्रोसँग कार्यहरू गर्ने कोशिस गर्नुहोला । घर परिवारबाट आंशिक सहयोग प्राप्त हुने देखिन्छ । व्यापार व्यवसायमा पनि केही सुधार हुने देखिएका छन् । स्वास्थ्य, खानपानमा विशेष ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । शिक्षामा विशेष जोड दिनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता भद्रकालीको पूजा, आराधना र साधना गर्नुहोला ।



**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**: आफ्ना वाणीहरूलाई संयमित राख्ने कोशिस गर्नुहोला । प्रत्येक कार्य गर्दा विचार गरेर मात्रै निर्णय लिनुहोला । घर परिवारबाट सहयोग प्राप्त हुने देखिन्छ । व्यापार व्यवसायमा पनि राम्रै हुने देखिएको छ । नोकरी, रोजगारी पनि सुधारोन्मुख देखिएका छन् । शिक्षामा ध्यान दिनुहोला । खानपानमा विशेष सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता नवदुर्गाको पूजा, आराधना र साधना गर्नुहोला ।



**धनु (ये, यो, भा, भी, भु, ध, फ, ढा, भे)**: केही प्रतिकूल अवस्था देखिए पनि तपाईंले राम्रा राम्रा अवसरहरू प्राप्त गर्न सक्नुहुनेछ । त्यसैले बुद्धिमत्तापूर्वक अगाडि बढ्नुहोला । घर परिवार साथीभाइबाट सहयोग प्राप्त हुने देखिन्छ । व्यापार व्यवसायमा पनि राम्रो हुने देखिएको छ । नोकरी, रोजगारीमा पनि विशेष ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । खानपानमा विशेष ध्यान दिनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता विन्ध्यवासिनीको पूजा, आराधना र साधना गर्नुहोला ।



**मकर (भो, जा, जी, जु, जे, जो, ख, खि, खु, खे, गा, गि)**:

आफ्ना विचार भावनाहरूलाई संयमित राख्दै आफ्नो भविष्यको लागि विशेष सोचविचार गरेर अगाडि बढ्नुहोला । केही प्रतिकूलताहरू भएपनि तपाईंको जीवनमा राम्रा अवसरहरू प्राप्त हुनेछन् । घर परिवार साथीभाइबाट सहयोग प्राप्त हुने देखिन्छ । व्यापार, व्यवसाय, रोजगारीमा राम्रा अवसर प्राप्त हुनेछन् । स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि महाशक्ति महालक्ष्मी माताको पूजा, आराधना र साधना गर्नुहोला ।



**कुम्भ (गु, गे, गो, सा, सी, सू, से, सो, दा)**:

आफ्ना विचार भावनाहरूलाई संयमित राख्दै प्रत्येक कार्यमा निर्णय गर्दा विचार पुऱ्याएर मात्रै गर्ने कोशिस गर्नुहोला । समयले तपाईंमा केही परीक्षाहरू लिन सक्ने देखिएको छ । सतर्कता अपनाउनुहोला । घर परिवारबाट पनि केही सहयोग प्राप्त हुने देखिन्छ । साथीभाइबाट पनि सहयोग प्राप्त हुनेछन् । व्यापार, व्यवसाय, नोकरीमा राम्रो हुने देखिएको छ । त्यसैले ख्याल पुऱ्याउनुहोला । यात्रामा विशेष ध्यान दिनुहोला । स्वास्थ्यमा ख्याल पुऱ्याउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता चामुण्डाको पूजा, आराधना र साधना गर्नुहोला ।



**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**: तपाईंका लागि केही प्रतिकूल देखिए पनि राम्रा अवसरहरूले गर्दा खुसी, उमङ्ग छर्ने देखिन्छ । घर परिवारमा पनि खुशियाली छाउने देखिएको छ । व्यापार व्यवसाय, नोकरीमा पनि सुधार भइरहेको देखिन्छ । शिक्षामा ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता नवदुर्गाको पूजा, आराधना र साधना गर्नुहोला । अस्तु । शुभम् ।

जय गुरुदेव !

खाना पकाउने ग्यॉस (एल.पी. ग्यॉस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

# नेपाल आयल निगम लि. को

# अति आवश्यक जानकारी

एल.पी. ग्यॉस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यॉसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

## दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :





१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।


२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्यॉसको पाइप फेरौ ।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

## ग्यॉस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :





१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यॉस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्यॉस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।

२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्यॉस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।

३. ग्यॉस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्यॉस विक्रेता अथवा ग्यॉस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

# नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१

# गोरखवाणी

***प**रब्रह्म, परमात्मा, अलखनिरंजन महायोगी शिव गोरक्षका दिव्य वाणीभित्र समाहित गूढतम् रहस्यहरू, आध्यात्मिक उन्नति, प्रगतिका नवीनतम् मार्गहरू, साधनात्मक उच्चताका दिव्यतम् विधिहरू सम्पूर्ण स्तरका व्यक्तिहरूका लागि उत्तिकै आवश्यक छन्, उत्तिकै आदरणीय छन् । महायोगीका दिव्यतम् वाणीहरू गोरखवाणीका रूपमा विश्वविख्यात् छन् । परमतत्त्व परमात्माको वर्णन एवं व्यक्तिमा अन्तर्निहित शक्तिहरूको माध्यमबाट साक्षात्कार, आत्मसाक्षात्कार कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा उत्पन्न गहिराइ छुने, जीवनका वास्तविक मर्महरू झल्काउने यी दिव्य वाणीहरू सबैका लागि अनुकरणीय एवं मार्गनिर्देशक हुनेछन् भन्ने आशाका साथ प्रकाशन गर्दै आइरहेका छौं ।*



**चालत चंदवा षिसि-षिसि पडै ।**
**बैठा ब्रह्म अगनि परजलै ॥**
**आडै आसणि गोटिका वंध ।**
**जावत प्रथिर्मा तावत कंध ॥**

साधनामा अघि बढ्ने योगीहरू कुण्डलिनी जागरण गरी षट्चक्र भेदन गरी सहस्रदल सहस्रारमा स्थित चन्द्रमाबाट झरिरहेको अमृतलाई सेवन गरी यस शरीरको प्रलयपछि पनि अमर हुन्छन् । चंचलताबाट चन्द्रद्रव, प्राणामृत खस्किँदै खिस्स-खिस्स झर्दै जान्छ । स्थिरताबाट ब्रह्माग्नि प्रज्वलित हुन्छ, ज्ञानदिप्ति स्थिर रहन्छ । तेस्रो अवस्थामा, चल र अचलको मध्यको अवस्थामा, अभ्यासले गोटिकावन्ध-सिद्धिको प्राप्ति हुन्छ, जसबाट योगी ईच्छानुसार सूक्ष्म शरीर धारण गरी अदृश्य हुन सक्दछन् । हुन त विभिन्न व्यक्तिहरू एवं ग्रन्थहरूमा सिद्धयोगी, अभिमंत्रित गुटिका, गोलीलाई मुखमा राखी अदृश्य हुन्छन् भन्ने भनाइ छ । यसरी नै योगीहरू अमरत्व प्राप्त गर्दछन्, अमृत पदमा स्थिर हुन्छन् र जबसम्म पृथ्वी स्थिर रहन्छ, तबसम्म उनीहरूको शरीर बनिरहन्छ ।

**यहु मन सकती यहु मन सीव । यहु मन पांच तत्त का जीव ॥**
**यहु मन ले जै उनमन रहै । तो तीनी लोक की बातां कहै ॥**

मानव मनलाई पूर्ण रूपले वशमा राख्न सक्नु नै योग साधनाको प्रमुख लक्ष्य हो । योग साधनाको प्रमुख सिद्धि नै मनको सिद्धिको चरम फल हो । मन नै परम शक्ति हो, मन नै जागृत कुण्डलिनी महामाया हो र यही मन नै परम शिव हो । यही मन पञ्च भौतिक शरीरमा निवास गर्ने जीवात्मा हो । मनले योग क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यही मनलाई योगी उन्मन राखी परमात्माको चिन्तनप्रति अभिमुख गराउँदछन् र उनीहरू आकाश, पाताल र मृत्युलोक गरी तिनै लोकको रहस्य बुझ्दछन् ।

**अवधू नव घाटी रोकिलै बाट ।**
**बाई बणिजै चौसठि हाट ॥**
**काया पलटै अविचल विध ।**
**छाया बिबरजित निपजै सिध ॥**

महायोगी श्री गुरु गोरखनाथ आदेश दिँदै भन्नुहुन्छ– "हे अवधूत, प्राणायामको सिद्धि प्रत्येक योग साधकहरूका लागि अत्यन्त आवश्यक छ । त्यस सिद्धिको लागि शरीरमा स्थित नवद्वारहरू मुख, दुई आँखा, दुई कान, दुई नासिकारन्ध्र, उपस्थ र गुदामाथि संयम राख्नुपर्दछ । यसको सुप्रभाव यो हुन्छ कि शरीर भित्रको वायु पचाउनमा समर्थ हुन्छ र शरीरको चौसठ्ठी वायुका सन्धिहरूमा वायुको गति सुव्यवस्थित ढंगले हुन्छ, वायुको विकार आउँदैन र प्राणायाममा सिद्धि सहजै मिल्दछ । शरीरमा अपूर्व आरोग्यताको लाभ हुन्छ । यो एक

(बाँकी पृष्ठ ४४ मा)

# श्री सावर संरचना शक्ति केन्द्रबाट प्राप्त दिव्य साधनात्मक सूत्रहरू

**धारणा शक्ति :-**

धारणा शक्ति भन्नाले व्यक्तिले धान्न सक्ने शक्ति, आफूमा समाहित गर्न सक्ने शक्ति अथवा आफूमा लिन सक्ने भाव, आफूभित्र ग्रहण गर्न सक्ने भावनाको स्थितिलाई बुझिन्छ । मन्त्र साधनामा अगाडि बढ्ने साधक साधिकाहरूको धारणा शक्ति जति राम्रो भयो, त्यति नै छिटो प्राप्ति गर्न सक्दछन् । धारणा भन्नेबित्तिकै आफूले लिन सक्ने क्षमतालाई बुझिन्छ, आफूले ग्रहण गर्न सक्ने सामर्थ्यलाई बुझिन्छ । यसैले व्यक्तिको भावनाअनुसार, व्यक्तिको समर्पणअनुसार धारणा शक्ति कसैमा बढी हुन सक्छ, कसैमा कम हुन सक्छ । व्यक्तिअनुसार धारणा शक्ति हुने गर्दछ । यही धारणा शक्तिको कारणबाट साधनामा सफलता छिटो र ढिलो हुन सक्दछ । त्यसैले जसको राम्रो धारणा शक्ति छ, उसले प्राप्ति पनि छिटो गर्दछ ।

व्यक्तिले गुरुलाई आफूमा कति धारण गर्न सक्छ, देवी देवतालाई कति धारण गर्न सक्दछ, त्यहीअनुसार उसले प्राप्ति गर्ने हो । धेरैभन्दा धेरै ग्रहण गर्न सक्ने हुनलाई धारणा शक्तिलाई बलियो बनाउनुपर्दछ । धारणा शक्तिको विकास गर्न भक्तिलाई जगाउनु पर्दछ । आफूलाई प्राप्त प्रत्येक कुरामा पूर्ण भक्ति हुनुपर्‍यो, पूर्ण श्रद्धा हुनुपर्‍यो । प्राप्त कुराहरूलाई, निर्देशनहरूलाई जति अक्षरश: पालना गर्दछौँ, हृदयदेखि नै अर्थात् भित्रदेखि मान्दै जान्छौँ, प्रत्येक कुरालाई होशियारीपूर्वक ध्यान दिएर मान्ने गर्ने गर्छौँ, धारणा शक्ति त्यति नै मजबुत हुँदै जान्छ । धारणा गर्ने क्षमताभित्र साधनाको सफलता लुकेको हुन्छ । भावना हुँदैमा वा साधना गर्दैमा, गुरुलाई मान्दैमा धारणा शक्ति राम्रो छ भन्न सकिँदैन । सामान्य व्यक्तिभित्र पनि असामान्य धारणा शक्ति लुकेको हुन्छ । धारणाभित्रै सिद्धि, शक्ति, क्षमता, सामर्थ्य हुने गर्दछ । धारणाकै बलले दैवी शक्तिलाई आफूमा धारण गर्न सकिन्छ, धारणाकै बलले गुरुत्व शक्तिलाई धारण गर्न सकिन्छ, धारणाकै बलले दिव्यतम् शक्तिहरूलाई आफूमा धारण गर्न सकिन्छ । त्यसैले दिव्यतालाई धारणाको माध्यमले ग्रहण गर्न सकिन्छ ।

गुरुबाट प्राप्त प्रत्येक निर्देशनलाई पूर्ण भावका साथ ग्रहण गर्न सक्ने बानीको विकास हामीले गर्नुपर्दछ । जे कुरामा पनि शंका, उपशंका, भ्रम, सन्देह मात्र नलिई केवल आज्ञाकारिताको भाव विकास हुनुपर्दछ । शब्द-शब्दलाई पूर्ण श्रद्धाका साथ लिने, पूर्ण भावनाका साथ लिने कलाको विकास गर्नुपर्दछ । अत्यन्त संयमका साथ अगाडि बढ्नुपर्दछ । आफूलाई जति परिवर्तन गर्न सकिन्छ, त्यत्तिकै मात्रामा धारणा शक्ति बढ्दै जाने हो । आफ्नो अस्तित्वलाई नै मेटाएर दिव्य शक्ति, गुरुत्व शक्तिको धारणालाई नै आफ्नो अस्तित्व मान्ने क्षमताभित्र वास्तविक धारणा शक्ति लुकेको हुन्छ ।

यसैले आफ्नो धारणा शक्तिलाई पूर्णरूपले विकास गरौँ, आफूभित्रै दैवी शक्ति, गुरुत्व शक्तिलाई समाहित गरौँ, साधनामा पूर्ण सफलता प्राप्त गरौँ ।

**संकल्प शक्ति :-**

संकल्प शक्ति साधनाको सफलताको लागि महत्त्वपूर्ण मानिन्छ । संकल्प शक्तिभित्र नै सारा सृष्टि लुकेको हुन्छ । भनिन्छ, परब्रह्मको संकल्प शक्तिबाट नै सारा सृष्टि भएको हो । यसैले संकल्प शक्ति प्रबल छ भने जस्तोसुकै कार्य पनि सहजै सम्पन्न गर्न सकिन्छ । हाम्रा पूर्वज ऋषिमुनिहरूले संकल्प शक्तिको बारेमा धेरै खोज अनुसन्धान गरी धेरै गूढ रहस्यहरू उजागर गर्नुभएको छ । संकल्प शक्ति जसको राम्रो छ, उसको लागि यस संसारमा असम्भव भन्ने केही रहँदैन । संकल्प शक्तिकै माध्यमबाट धेरै चमत्कारी घटनाहरू, दिव्यतम्




zbsfdgf
विजया दशमी तथा दीपावली-२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
**भूपेन्द्र गिरी**,
श्री ॐ शान्ति टेलरिंग सेन्टर
सरस्वती नगर मो. ९८४३१५७७२२





**हार्दिक शुभकामना**
विजया दशमी तथा दीपावली-२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
**बलराम कार्की सपरिवार, सिमलटार**

कार्यहरू सम्पन्न भएका थुप्रै उदाहरणहरू पाइन्छन् ।

सामान्य अर्थमा संकल्प शक्ति भन्नाले कुनै कार्य गर्नका लागि गरिएको अठोट वा कुनै लक्ष्य, उद्देश्य वा केही प्राप्तिका लागि लिइएको दृढ निश्चयलाई बुझिन्छ । कुनै कार्य गर्नको लागि गरिने वाचालाई पनि संकल्पको रूपमा लिइन्छ । मैले यो कार्य अवश्य सम्पन्न गर्नेछु, जस्तोसुकै बाधा व्यवधान आए पनि मैले यो कार्य जुनसुकै हालतमा पनि पूरा गर्नेछु भनी वाचा गरिएको, अठोट लिएको स्थिति नै संकल्प शक्ति हो । हाम्रो धर्म संस्कृतिमा जे कार्य गर्दा पनि संकल्प गरेर गर्ने गरिन्छ । चाहे कुनै पूजा होस् वा कुनै दिव्य कार्य वा अन्य जुनसुकै दैवी कर्म, ऋषि कर्म होस् अथवा गुरुसम्बन्धी, सबैमा पहिला यो कार्य मैले यसरी पूरा गर्छु भनी कार्य गर्नाको उद्देश्यलाई पहिल्यै अठोट लिई गर्ने प्रक्रिया राखिएको छ । संकल्प गरेर मात्रै बाँकी प्रक्रिया अगाडि बढाइएको हुन्छ । यसरी प्रत्येक दिव्य कर्ममा संकल्प स्पष्टरूपमा गरिसकेपछि मात्रै अन्य कार्य गर्ने गरिन्छ ।

संकल्प शक्तिलाई जति मजबुत बनाउन सक्यो, जति बलियो बनाउन सक्यो, व्यक्तिले आफ्नो कार्य त्यति नै छिटो सम्पन्न गर्न सक्दछ । त्यसैले मन्त्र साधनामा अगाडि बढ्ने प्रत्येक व्यक्तिले आफ्नो संकल्प शक्तिलाई बलियो बनाउनुपर्दछ । जुनसुकै हालतमा पनि मैले मेरो साधनामा सफलता प्राप्त गरेरै छाड्नेछु चाहे जस्तोसुकै प्रतिकूलतासँग लड्न परोस्, चाहे छ महिनामा सिद्ध होस् वा छ वर्षमा, मैले मेरो प्रयास प्रयत्नलाई रोक्ने छैन, मैले मेरो अठोटलाई बदल्ने छैन भनेर जसले संकल्पका साथ साधना गर्दछ, उसले साधना सफल गर्दछ । त्यसैले संकल्प शक्तिका साथ, पूर्ण क्षमताका साथ दृढ निश्चयी भई साधनामा अगाडि बढ्नुपर्दछ ।

जो संकल्पका साथ साधनामा अगाडि बढ्न सक्दैन, सानोतिनो दुःख कष्टमा पनि आत्तिएर विकल्प खोज्दछ, उसले साधनामा सफलता प्राप्त गर्न सक्दैन । संकल्प गर्न नसकेर विकल्पको पछि दौडिनेहरूले साधनामा मात्रै होइन, जीवनमा नै सफलता प्राप्त गर्न सक्दैनन् । त्यसैले साधनामा अगाडि बढ्नेहरूमा पूर्ण क्षमताका साथ संकल्प शक्ति हुनु जरुरी हुन्छ । कसैको बहकावमा लाग्ने, कसैले आफूले गरेको साधनामा शंका उपशंका गरी भ्रमपूर्ण कुरा गरेकै भरमा आफ्नो संकल्प तोडेर साधना छोड्नेहरू केवल दुर्भाग्य मात्रै निम्त्याउँछन् न कि सफलता । यसैले संसारका मानिसहरूले जेसुकै भनून्, जुन रूपबाट हेरून्, जस्तोसुकै दृष्टिकोण राखून्, मैले भावनालाई बदल्ने छैन, मेरो अठोटलाई कमजोर बनाउँदिन, मेरो दृढ निश्चयलाई भत्काउँदिन, मैले गुरु पाएको छु, मैले साधना पाएको छु भनेर जसले संकल्प शक्तिलाई दृढ बनाई अगाडि बढ्दछ, उसैले साधना सफल गर्दछ । यसैले साधना सफल गर्नका लागि संकल्प शक्ति मजबुत हुनु अति नै आवश्यक एवं अपरिहार्य छ । साधना गर्नेहरूले नै सङ्घर्षलाई पार गर्नुपर्ने हुन्छ, प्रतिकूलतासँग जुध्नुपर्ने हुन्छ, दुःख कष्ट झेल्नुपर्ने हुन्छ । त्यसैले कमजोर संकल्प शक्ति भएका व्यक्तिहरूले यी चीजहरूलाई पार गर्न सक्दैनन् र उनीहरू पलायन हुन्छन् । त्यसैले आफ्नो संकल्प शक्तिलाई बलियो बनाऔं, जस्तोसुकै स्थितिमा पनि आफूलाई समभावमा राख्दै पूर्णताका साथ अगाडि बढौं, साधनामा सफलता प्राप्त गरौं ।

जय गुरुदेव !


**हार्दिक शुभकामना**

**विजया दशमी तथा दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**लक्ष्मण कार्की सपरिवार, सिमलटार**

z'esfdgf

**विजया दशमी तथा दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**मञ्जु शाही, बसुन्धरा**

z'esfdgf

**विजया दशमी तथा दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**राम गोपाल फैजु सपरिवार**

z'esfdgf

**विजया दशमी तथा दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**देवी के.सी. सपरिवार**

z'esfdgf

**विजया दशमी तथा दीपावली–२०८२ को सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**किरण भण्डारी, सुशीला भण्डारी, आशिष भण्डारी**, तीनकुने

# सिद्धाश्रम शक्ति केन्द्रका गतिविधिहरू

## सम्पर्क कार्यालय भक्तपुरको वार्षिकोत्सव सम्पन्न

सिद्धाश्रम शक्ति केन्द्र सम्पर्क कार्यालय भक्तपुर कटुञ्जेले एक भव्य कार्यक्रमका बीच आफ्नो वार्षिकोत्सव कार्यक्रम सम्पन्न गऱ्यो । गत श्रावण ३१ गते भक्तपुरको कटुञ्जेस्थित आश्रम भवनमा सम्पन्न कार्यक्रममा गुरु पूजन, आरती, लक्ष्यदीप अर्पण, भजनकीर्तन, नृत्यका साथै प्रवचनका कार्यक्रमहरू सम्पन्न भएका थिए ।

कार्यक्रममा संयोजक सावरपन्थी सदस्य, सावरमातृकाज्यूले बोल्नु भएको थियो भने भक्तपुर आश्रमका संयोजक गुरुसेवा दलका साधक दशरथ थापाले सम्पर्क कार्यालयको प्रगति विवरण सुनाउनु भएको थियो ।

उक्त कार्यक्रममा बागमती प्रदेश सांसद माननीय दुर्दम थापाज्यूको सहभागिता रहेको थियो । उक्त दिन जन्माष्टमीको पावन अवसर भएकोले भगवान् श्रीकृष्णको पनि पूजन कार्यक्रम सम्पन्न भएको थियो ।

बिहान ८ बजे कार्यक्रम शुभारम्भ भएको थियो ।

## नवग्रह साधना सम्पन्न

परमपूज्य सद्‌गुरुदेवको कृपा, आशीर्वादस्वरूप सिद्धाश्रम शक्ति केन्द्र चितवनको आयोजनामा नवग्रह साधना सम्पन्न भयो ।

गत श्रावण ३० गते एक भव्य कार्यक्रमका बीच नवग्रह साधना कार्यक्रम सम्पन्न भएको थियो । चितवनको पुल्चोक नारायण घाटमा सम्पन्न कार्यक्रमलाई संयोजक तथा सावपन्थीज्यू रामजी अर्यालले संचालन गर्नुभएको थियो ।

साधना कार्यक्रमको अघिल्लो दिन अर्थात श्रावण २९ गते चितवनको गौरीगञ्जमा आध्यात्मिक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बागमती प्रदेश सांसद माननीय ज्ञानजङ लामा, विभिन्न धार्मिक, आध्यात्मिक, सामाजिक तथा महिला समूहलगायत साधुसन्तहरूको उपस्थिति रहेको थियो । उक्त अवसरमा सावरपन्थी, सावरमातृका, माननीय सांसद ज्ञानजङ लामाले बोल्नुभएको थियो ।

## जन्माष्टमी पर्व मनाइयो

परमपूज्य सद्‌गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथ एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको कृपा, आशीर्वादस्वरूप सिद्धाश्रम शक्ति केन्द्रले प्रत्येक वर्ष जन्माष्टमीमा सम्पन्न गर्दै आइरहेको श्रीकृष्ण पूजन कार्यक्रमलाई यस वर्ष पनि सम्पन्न गऱ्यो ।

गत श्रावण ३१ गते एक कार्यक्रमका बीच भगवान् गणेश, गुरु पादुका पूजनका साथ योगेश्वर श्रीकृष्णको पूजन सम्पन्न भएको थियो । भगवान् श्रीकृष्णलाई ८४ व्यंजन अर्पण गरिएको उक्त अवसरमा कृष्ण भगवान्लाई सजाएर झुलामा झुलाइएको थियो । कार्यक्रममा मन्त्रजप पनि भएको थियो । जय गुरुदेव !




zbsfdgf
विजया दशमी तथा
दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**उषा वानिया सपरिवार, बसुन्धरा**



zbsfdgf
विजया दशमी तथा
दीपावली-२०८२ को सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**सुमित्रा नेपाल सपरिवार**



**हार्दिक शुभकामना**
विजया दशमी तथा दीपावली-२०८२ को
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र
सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**लक्ष्मी श्रेष्ठ सपरिवार**

## सिद्धाश्रम शक्ति केन्द्र सम्पर्क कार्यालय भक्तपुरको वार्षिकोत्सव कार्यक्रम





















(गोरखवाणीको बाँकी अंश)

प्रकारले कायाकल्प हो । यसबाट साधक सिद्धावस्थामा पुग्दछ र उसको शरीरको छाया उसमा पर्दैन, ऊ सर्वत्र गमन गर्न सक्षम हुन्छ ।

**अवधू दंग कौं गहिबा उनमनि रहिबा ।**
**ज्यूं बाजबा अनहद तुरं ॥**
**गगन मंडल मै तेज चमंकै ।**
**चंद नही तहां सुरं ॥**

श्री गुरु गोरखनाथ भन्नुहुन्छ– प्राणको संयम गर्नु परम आवश्यक छ । प्राणको संयम प्राणायामको अभ्यासबाट नै सिद्ध हुन्छ । प्राणलाई नियन्त्रण गर्न सकेको खण्डमा नै मन पूर्णतया वशमा हुन्छ र उन्मनावस्था सिद्ध हुन्छ । नवद्वारमा मुख, नेत्र, नासिकारन्ध्र, कान, उपस्थ, गुदा प्रत्यक्ष छन् तर ब्रह्मरन्ध्र दशौँ द्वार अप्रत्यक्ष छ । दशौँ द्वारमा नै योगी उन्मन हुन्छ । नाद बिन्दुको मिलनबाट उत्पन्न अनाहत नादको श्रवण गरी, ब्रह्मरन्ध्रमा निराकार परब्रह्म शिवको प्रकाशको दर्शन गर्दछन् । ब्रह्मरन्ध्रमा सूर्य र चन्द्रको ज्योतिबिना नै अलख निरंजन, चिन्मय तत्त्व आसित हुन्छ ।

**सास उसास बाइ कौं भषिवा ।**
**रोकि लेहु नव द्वारं ॥**
**छठै छभासि काया पलरिबा ।**
**तब उनमंनी जोग अपारं ॥**

कुम्भक प्राणायामद्वारा शरीरको भित्री श्वासोच्छ्वास हटाउनु पर्दछ, विलीन गराउनु पर्दछ, यस्तो गर्न जति बढी सकिन्छ त्यति नै मात्रामा प्राणशक्ति अक्षुण्ण हुँदै जान्छ र मृत्युको भय टाढिँदै जान्छ । नवौँ द्वारलाई रोकी वायुलाई शरीरमा नै पुऱ्याउनाले कायाकल्प त अनायास नै हुन थाल्दछ । तर यसमा मात्र सीमित नरही कम्तिमा ६, ६ महिनामा यौगिक विधिहरूद्वारा कायाकल्प गर्नाले शरीरमा नौलो किसिमको प्राण दौड्न थाल्दछ जसबाट उन्मन योग सिद्ध हुन्छ र मन स्थिर हुन थाल्दछ । दशौँ द्वार ब्रह्मरन्ध्र खुल्नाले निस्कल निरंजन, चिन्मय परमात्म तत्त्व अभिव्यक्त हुन थाल्दछ । यसप्रकार, योग साधकको उन्मनी अवस्था सिद्ध हुन्छ ।

**अवधू संहस्र नाडी पवन चलैगा ।**
**कोटि झमंकै नादं ॥**
**बहतरि चंदा बाई सोप्या ।**
**किरणि प्रगटी जब आडं ॥**

हे अवधूत, जब शरीरमा स्थिर दशौँ द्वार ब्रह्मरन्ध्रमा मन स्थित हुन्छ अर्थात् उन्मनी अवस्था सिद्ध हुन थाल्दछ योगीको शरीर प्राणामृतले परिपूर्ण हुन थाल्दछ । शरीरका समस्त नाडीहरूबाट मल निक्लन थाल्दछन्, शरीरमा फैलिएका सहस्र नाडीहरूमा पवन संचार हुनाले करोडौँ नादको समान अनाहत नाद प्रस्फुटित हुन थाल्दछ । त्यसप्रकार ब्रह्मको मूल प्रकाश आदि ज्योति प्रकट भई वायु बहत्तर चन्द्रमाहरूलाई पनि सोसी लिन्छ । प्राणायामको सफल प्रयासबाट शरीरका नाडीहरूमा पवनको संचरण हुन्छ र मनको चंचलता हट्न थाल्दछ । यसप्रकार उन्मनी अवस्था सिद्ध हुन्छ । योगाभ्यासीहरू सहज समाधिमा परब्रह्म निरंजन शिवको साक्षात्कार गर्दछन् ।

# तीज कार्यक्रममा पूजन तथा नाचगान

हिन्दु महिलाहरूको महान् चाड हरितालिका तीज कार्यक्रमको अवसरमा सिद्धाश्रम शक्ति केन्द्रले पूजन कार्यक्रम सम्पन्न गऱ्यो ।

गत भाद्र १० गते तीज पूजन तथा १२ गते पञ्चमी पूजन कार्यक्रमको आयोजना गरिएको थियो ।


बिहान १० बजेबाट पूजन कार्यक्रम शुभारम्भ भएको पूजनपछि दिदी बहिनीहरू तीज गीत घन्काएर नृत्यमा रमाउनु भएको थियो ।

आश्रमले दिदी बहिनीहरूको सम्मानमा दर कार्यक्रम पनि राखेको थियो । दर खाइसकेपछि पनि दिदी बहिनीहरू नृत्य गरेर आनन्दित हुनु भएको थियो ।

केन्द्रीय कार्यालय बसुन्धरालगायत आश्रमका विभिन्न सम्पन्न कार्यालयहरूमा पनि तीज कार्यक्रम सम्पन्न भएको थियो ।

आफ्नो धर्म संस्कृतिलाई खुलेर साथ सहयोग गर्दै आएको आश्रमले हरेक वर्ष हरितालिका तीज मनाउने गरेको छ ।

# शुभकार्यको शुभारम्भ शुभमुहूर्तमा



वराहमिहिरले शताब्दियौँपूर्व कालगणना गरेर यो सिद्ध गरेका थिए कि प्रत्येक दिन मानिसको शुभ र अशुभ दुवै प्रकारका समय आउँछन् र कालज्ञानअनुसार शुभ समयमा कार्य गरेमा निश्चय नै कार्यमा सफलता प्राप्त हुन्छ। यद्यपि ज्योतिषमा दिशासूल, योगिनी, चन्द्रमा आदिको उल्लेख छ र यो पनि बताइएको छ कि यी सबैलाई ध्यानमा राखेर नै शुभकार्य प्रारम्भ गर्नु पर्दछ । महिराचार्यका अनुसार यदि हामीलाई कालज्ञान छ भने यी कुराहरूलाई ध्यानमा राख्नु आवश्यक छैन किनकि कालज्ञान आफैमा अत्यन्त महत्त्वपूर्ण छ। यसैले यसमा व्यतिपात, दिशासूल आदिको अशुभ प्रभाव पर्दैन। यात्रा, विवाह, भेटघाटलगायतका कुनै पनि शुभकार्य प्रारम्भ गर्दा कालज्ञानअनुसार गरिएमा ती कार्यहरू सफल हुन्छन् भनेर मिहिराचार्य भन्दछन् ।

प्रस्तुत शुभ समयहरू (सर्वश्रेष्ठ तथा श्रेष्ठ) परमपूज्य सद्गुरुदेव डा. नारायण दत्त श्रीमालीज्यूद्वारा रचित हिन्दी ग्रन्थ 'ज्योतिष और काल निर्णय'मा आधारित रहेर तयार पारिएको हो ।

**२०८२ आश्विन ५, १२, १९ र २६ गते आइतबार**

**सर्वश्रेष्ठ– दिन** ६:००–६:४८, **रात्रि** ६:४८–७:३६, ३:३६–४:२४

**श्रेष्ठ– दिन** ६:४८–१०:००, **रात्रि** ८:२४–१०:००, ४:२४–६:००

**२०८२ आश्विन ६, १३, २० र २७ गते सोमबार**

**सर्वश्रेष्ठ–** रात्रि ७:३६–९:१२

**श्रेष्ठ– दिन** ६:००–७:२४, १०:४८–१:१२, ३:३६–५:१२
रात्रि ९:१२–१०:००, १:१२–२:४८

**२०८२ आश्विन ७, १४, २१ र २८ गते मंगलबार**

**सर्वश्रेष्ठ–** रात्रि ७:३६–९:१२, ३:३६–४:२४

**श्रेष्ठ– दिन** ६:००–८:२४, १०:००–१२:२४, ४:३६–५:१२
रात्रि ९:१२–१०:००, १२:२४–२:००, ४:२४–६:००

**२०८२ आश्विन १, ८, १५, २२ र २९ गते बुधबार**

**सर्वश्रेष्ठ– दिन** ३:३६–४:२४, रात्रि ९:१२–१०:४८

**श्रेष्ठ– दिन** ७:३६–९:१२, ११:३६–११:५४, ४:२४–६:००
रात्रि ६:४८–९:१२, २:००–६:००

**२०८२ आश्विन २, ९, १६, २३ र ३० गते बिहीबार**

**सर्वश्रेष्ठ–** रात्रि ७:३६–९:१२

**श्रेष्ठ– दिन** ६:००–८:२४, १०:४८–१:१२, ४:२४–६:००
रात्रि ९:१२–१०:००, १:१२–२:४८, ४:२४–६:००

**२०८२ आश्विन ३, १०, १७, २४ र ३१ गते शुक्रबार**

**सर्वश्रेष्ठ–** रात्रि १:१२–३:३६

**श्रेष्ठ– दिन** ६:४८–१०:२४, ४:२४–५:१२
रात्रि ८:२४–१०:४८, ४:२४–६:००

**२०८२ आश्विन ४, ११, १८ र २५ गते शनिबार**

**श्रेष्ठ– दिन** १०:३६–१२:२४, ३:३६–५:१२
रात्रि ८:२४–१०:४८, २:००–३:३६, ४:२४–६:००

**गुरुकार्य नै हो सम्पूर्ण शास्त्रको सार ।**
**गुरुकार्यले नै गर्छ आत्म परिष्कार ।**

नोटः- दिन भन्नाले बिहान ६:00 देखि साँझ ६:00 सम्म रात्रि भन्नाले साँझ ६:00 देखि अर्को बिहान ६:00 सम्

श्रीकृष्ण जन्माष्टमी पर्वको उपलक्ष्यमा सम्पन्न पूजन कार्यक्रम


















Your Getway to
JAPAN

Student Visa   SSW Visa   Gijinkoku Visa

Genuine Process   Trusted Guidance

Contact us today for your Japan Journey !

WHY GLOBAL AXIS CONSULTANCY ?

- Certified Counselors
- Wide Network of Japanese Colleges & Training Center
- Scholarship/Discount Oppertunities
- Proper Guidance
- Visa Assistance (Student Visa / SSW Visa / Gijinkoku / Bachelor Pass)
- Experienced Japanese Language Instructors
- Career Counselling & Guidance

Your Trusted Gateway to Japan

GLOBAL AXIS CONSULTANCY PVT LTD

GLOBAL AXIS CONSULTANCY PVT LTD
977-9762566078

# सिद्धाश्रम शक्ति केन्द्रका गतिविधिहरू

## दिव्य गुरू महोत्सव

परमपूज्य सद्गुरुदेव डा. नारायण दत्त श्रीमालीज्यू (परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज) अवतरित हुनुभएको अङ्ग्रेजी महिनाको २१ तारिखलाई दिव्य गुरु महोत्सवको रूपमा मनाउने क्रममा सिद्धाश्रम शक्ति केन्द्रले गत भाद्र ५ गते (Aug. 21 तारिख) कार्यक्रमलाई हर्षोल्लासपूर्वक मनायो । केन्द्रीय आश्रम भवन बसुन्धरामा सम्पन्न कार्यक्रममा निखिल स्तवन, गोरक्ष स्तवनको सस्वर पाठ, गुरु पादुका पूजन, मन्त्रजप, हवन, गुरु आरतीलगायत भजनकीर्तन कार्यक्रमहरू सम्पन्न भएका थिए । कार्यक्रम बिहान १०:१५ देखि शुरु भएको थियो । पूजन कार्यक्रममा संस्थागत रूपमा संयोजक तथा सावरपन्थी, संयोजक सावरमातृकाज्यू र साधिकाहरू रीता कार्की, ज्योति शाही तथा कमला सुवेदीले पूजा गर्नुभएको थियो ।

विभिन्न स्थानमा अवस्थित आश्रमका सम्पर्क कार्यालय र संस्थाको मिसनको रूपमा रहेको गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रममा प्रत्येक अंग्रेजी महिनाको २१ तारिख दिव्य गुरु महोत्सव मनाइने गरिन्छ ।

## गोरक्ष प्रकट तिथि

परमपूज्य सद्गुरुदेवहरूको कृपा, आशीर्वादस्वरूप सिद्धाश्रम शक्ति केन्द्रले प्रत्येक महिनाको पूर्णिमामा गोरक्ष प्रकट तिथि कार्यक्रम मनाउँदै आइरहेको छ । गत भाद्र २२ गते एक भव्य कार्यक्रमका बीच हर्षोल्लासपूर्वक गोरक्ष प्रकट तिथि कार्यक्रम मनाइएको थियो ।

परमपूज्य सद्गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथ वैशाखी पूर्णिमाका दिन प्रकट हुनुभएको सम्झनामा गोरक्ष प्रकट प्रत्येक महिना पूर्णिमाका दिन यस कार्यक्रमलाई मनाउने गरिन्छ ।

कार्यक्रममा पूजन, नवनाथ स्तोत्रको पाठ, हवन, मन्त्रजप, भजनकीर्तन आदि सम्पन्न भएका थिए । कार्यक्रम बिहान १० बजेबाट शुरु भएको थियो ।

गोरक्ष प्रकट तिथिलाई सिद्धाश्रम शक्ति केन्द्रका विभिन्न जिल्लामा रहेका आश्रमहरूमा पनि मनाइने गरिन्छ ।

## मासिक हवनहरू

सिद्धाश्रम शक्ति केन्द्रले प्रत्येक महिना मासिक हवन कार्यक्रमहरू सम्पन्न गर्दै आइरहेको छ । भाद्र महिनामा निम्न हवन कार्यक्रमहरू निम्न समय, स्थानमा निम्नानुसार सम्पन्न भए– भाद्र २ गते सोमबार– श्री शिव गोरक्ष हवन गोरखनाथ मन्दिर, पशुपति, मृगस्थली, बिहान ८-९ बजे । भाद्र ३ गते मंगलबार– तां. वटुक भैरव हवन, वटुक भैरव मन्दिर, लगनखेल, बिहान ७-८ बजे । भाद्र ४ गते बुधबार– तां. महालक्ष्मी हवन, महालक्ष्मी मन्दिर, लगनखेल, बिहान ८-९ बजे । भाद्र ५ गते विहीबार– तां. बगलामुखी हवन, बगलामुखी मन्दिर, पाटन, बिहान ८-९ बजे ।

त्यस्तै, मासिक हवनकै क्रममा निम्न हवनहरू निम्न समय, स्थान र मितिमा सम्पन्न भएका थिए- भाद्र २ गते सोमबार– श्री शिव गोरक्ष हवन, चितवन तथा कास्की, बिहान ८-९ बजे । भाद्र ३ गते मंगलबार– तां. गणपति हवन, सूर्यविनायक, भक्तपुर, बिहान ७-८ बजे । भाद्र ४ गते बुधबार– तां. विन्ध्यवासिनी हवन, विन्ध्यवासिनी मन्दिर, पोखरा, कास्की, बिहान ८-९ बजे । भाद्र ५ गते विहीबार– तां. वेदव्यास हवन, वेदव्यास गुफा, तनहूँ, बिहान ८-९ बजे । भाद्र ७ गते शनिबार– तां. बाघ भैरव हवन, बाघ भैरव मन्दिर, कीर्तिपुर, समय बिहान ८-९ बजे । भाद्र २८ गते सोमबार– तां. भगवान् शिव हवन, गोरक्ष निखिल गुरुधाम, कोलमतेश्वर मन्दिर, बिहान ८-९ बजे । भाद्र ३० गते शनिबार– तां. विष्णुदेवी हवन, विष्णुदेवी मन्दिर, तीनथाना, बिहान ७:३०-९ बजे ।

# संविधानको एक दशक

- संविधान देशको मूल कानून हो,
- संविधानप्रदत्त हक अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो,
- संविधान अनुरुप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसँग बाझिने कानूनहरू बाझिएको हदसम्म अमान्य हुन्छन्,
- नेपालको संविधान जारी भएको एक दशक पूरा भएको अवसरमा संविधान दिवस भव्य रूपमा मनाऔँ ।

संविधानको पालना गर्नु सबैको कर्तव्य हो ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

म.क्षे.हु.नि.द.नं. ०२/०८२/८३ का.जि.प्र.का.द.नं. ७०/०५६



हरितालिका तीज-२०८२, मासिक हवन, गोरखा, लेखनाथ आश्रम गतिविधि तथा ध्यानका तस्विरहरू